बजेटमा कुरा दोहोरियो : पूर्वप्रधानमन्त्री डा भट्टराई पृष्ठ ५ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २३ •अंक ११ •२०७७ साल जेठ १७ गते शनिबार (30 May, Saturday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-

प्रदेश २ मा कोरोना संक्रमितको संख्या ५ सय नजिक

टुडे समाचारदाता

जनकपुरधाम ।कोरोना भाइरस संक्रमितको संख्या शुक्रवार प्रदेश नम्वर २ मा ९६ पुगेकोछ। प्रदेशको समाजिक विकास मन्त्रालयका अनुसार शुक्रवार दिउँसो सम्म संक्रमितहरुको संख्या ९४ जना थपिएकोछ।

मन्त्रालयका अनुसार रौतहटमा सर्वाधिक ७३ जनामा कोरोना भाइरसको संक्रमण रहेको पुष्टि भएकोछ। सप्तरीमा ५ जना, पर्सामा ९ जना, सर्लाहीमा ४ जना, बारामा ४ जना र धनुषामा १ जनामा कोरोनाको पुष्टी भएको छ। प्रदेश २ मा विहिवार सम्म कोरोना भाइरस संक्रमितको संख्या ४ सय रहेको थियो।

सप्तरी जिल्लाको राजबिराज नगरपालिकाका ५ जना पुरुषहरुमा कोरोना संक्रमण पुष्टि भएको छ। धनुषा जिल्लाको खजुरी क्वारेन्टाईनमा रहेकी ५० वर्षिया महिलामा पनि कोरोना संक्रमण पुष्टि भएको छ। सर्लाही जिल्लाको कौडेना गाउँपालिकाका २ जना पुरुषमा र मलंगवा नगरपालिकाका १ जना पुरुष र १ जना महिलागरी कुल ४ जनामा कोरोना संक्रमण पुष्टि भएको समाजिक विकास मन्त्रालयले जनाएकोछ।

रौतहट जिल्लाको राजपुर नगरपालिका स्थित राजपुर फ्रहदवाको क्वारेन्टाईनमा रहेका ५० जना पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको छ।त्यसैगरि बौधीधिमाई नगरपालिका स्थित सरमभ्कुवा क्वारेन्टाईनमा रहेका २ जना, मौलापुर नगरपालिका स्थित पतौरा प्राथमिक स्वास्थ्य केन्द्रको क्वारेन्टाईनमा रहेका ६ जना पुरुषमा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ।

यसैगरि रौतहट जिल्लाके इशनाथ नगरपालिका स्थित डुमरिया माध्यमिक विद्यालयको क्वारेन्टाईनमा रहेका २ महिला र १३ जना पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको मन्त्रालयले जनाएको छ। बारा जिल्ला पचरौता गाउँपालिकाको क्वारेन्टाईनमा रहेका ४ जना, पर्सा जिल्ला स्थित जिरा भवानी गाउँपालिकामा १ जना र पोखरिया नगरपालिकामा ८ जना पुरुषहरुमा कोरोना भारइस संक्रमणको पुष्टि भएको छ।

प्रदेश २ मा ३ सय ४२ स्थानमा क्वारेन्टाइन बनाइएकोछ ।समाजिक विकास मन्त्रालयका अनुसार २२ हजार ५ सय १० बेड रहेको क्वारेन्टाइनमा १८ हजार ९ सय ८९ जना रहेका छन् ।होम क्वारेन्टाइनमा ६ हजा १ सय ८९ जना रहेका छन्।६ सय ६५ आइसोलेशन बेडमा २ सय ३६ जना भर्ना छन्।

मन्त्रालयले जनाए अनुसार शुक्रवार ६ सय २६ स्वाब मात्र संकलन भएकोछ ।हाल सम्म कुल ११ हजार ६ सय २६ स्वाब संकलन गरिएकोमा २ हजार १ सय ५४ को रिर्पोट आउन बाँकी रहेकोछ।आरडीटी विधिबाट ६ हजार ४ सय ८९ टेस्ट गरिएिकोमा ४० वटा पोजिटिव रिर्पोट आएकोछ ।शुक्रवारपनि १ सय ४५ जनाको आरडीटी विधिबाट टेस्ट गरिएकोछ।

प्रदेश २ मा शुक्रवार सम्म नारायणी अस्पतालमा मात्र आरटी पीसीआर मेसिनबाट स्वाब टेस्ट भएकोछ। प्रादेशिक अस्पताल जनकपुरधामको मेसिनबाट परीक्षण सुरु हुन सकेको छैन् ।राजविराजमा रहेको मेसिन अहिले जडानको क्रममा रहेकोछ।

स्वाब परीक्षणका लागि आवश्यक भीटीएम किटको चरम अभाव रहेको स्वास्थ्यकर्मीहरु बताउँछन्।कलेक्सन भएका स्वाबहरु परीक्षणमा समय लाग्ने गरेकाले क्वारेन्टाइनहरुमा संक्रमण बढन थालेकोछ।एउटै क्वारेन्टाइनमा एकै दिन कयौं संक्रमित फेला पर्ने गरेका छन् ।समयमै टेस्ट नहुँदा क्वारेन्टाइन कोरोना भाइरसको संक्रमण फैलाउने केन्द्र बन्न थालेको आरोप क्वारेन्टाइन भएकाहरुले लगाउन थालेका छन्।

क्वारेन्टाइनमा ड्युटी गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरु समेत संक्रमित हुन थालेका छन् ।क्वारेन्टाइनमा संक्रमितहरु फेला पर्न थालेपछि त्यहाँबाट भाग्ने क्रमपनि बढेकोछ ।कतिपय क्वारेन्टाइन अस्तव्यस्त रहेको र भोजन, पानी लगायतका अधारभुत सुविधा समेत उपलब्ध नरहेको आरोप लागेकोछ।

होम क्वारेन्टाइनमा रहेकाहरुको नियमित अनुगमन समेत हुन सकेको छैन् ।होम क्वारेन्टाइनमा रहेकाहरु बाहिर सहज रुपमा घुमफिर गरेको देखिएको बताइन्छ।

रौतहट जिल्लाको राजपुर नगरपालिका स्थित राजपुर फरहदवाको क्वारेन्टाईनमा रहेका ५० जना पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको छ ।त्यसैगरि बौधीधिमाई नगरपालिका स्थित सरमभ्कुवा क्वारेन्टाईनमा रहेका २ जना, मौलापुर नगरपालिका स्थित पतौरा प्राथमिक स्वास्थ्य केन्द्रको क्वारेन्टाईनमा रहेका ६ जना पुरुषमा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएकोछ ।

संविधान संशोधन दर्तामा राजपा भित्र असन्तुष्टि, समाजवादीले छलफल गर्ने

टुडे समाचारदाता

काठमाण्डु । समाजवादी पार्टीसित एकिकरणको चरणमा रहेको राष्ट्रिय जनता पार्टी (राजपा)नेपाल संसदीय दलका नेता महन्थ ठाकुरले संसद सचिवालयमा शुक्रवार छुट्टै संविधान संशोधन विधेयक दर्ताका लागि छाडेका छन्।

राजपा अध्यक्ष मण्डलका सदस्य समेत रहेका ठाकुरले पुरानै संशोधन प्रस्ताव दर्ता गर्न खोजेको भन्दै केहि सदस्यहरुले असन्तुष्टि जनाएका छन् ।ठाकुरले संशोधनका लागि तयार गरेको विधेयक धेरै पुरानो रहेको अध्यक्ष मण्डलका एकजना सदस्यले जनाए।

नागरिकता सम्बन्धी विषय संसदीय समितिको छलफलमा रहेको, मातृभाषालाई पालिका र प्रदेश सरकारले कामकाजको भाषा बनाइसकेकाले त्यो संशोधनको मुद्दा बनाएर मुल मुद्दाबाट भट्किएको बताइएकोछ।

समाजवादी पार्टीसित समेत छलफल गरी संशोधन विधेयक दर्ता गर्नुपर्नेमा जोडदिदै अध्यक्ष मण्डलका एकजना सदस्यले भने, पार्टी भित्रका एकता बिरोधीहरुले यस्ता कार्य गरेका छन् ।राजपाले चाहेर मात्र संविधान संशोधन नहुने भएकाले विपक्षी दलहरुसित समन्वयगरि संशोधनका लागि सरकारमाथि दवाव बनाउनुपर्ने उनले जोड दिए।

सरकारले संसद सचिवालयमा निशान छापमा नयाँनक्सा समावेश गर्न मात्र संशोधन विधेयक दर्ता गरेकोछ ।सरकारले सर्वसम्मतीबाट संशोधन पास गराउन चाहेकोछ ।तर विपक्षी दल समाजवादी पार्टीले मधेशी, आदीवासी,जनजाती लगायत असन्तुष्टको मागलाई सम्बोधनगरि संविधान संशोधन गर्नुपर्ने मागगर्दै आएकोछ।

समाजवादी र राजपाबीच हाले भएका सहमतिमा १० प्रदेशको विषय संशोधनमा ठाकुरले उठाएको छैन् ।ठाकुरले संसदीय दलको नेताको हैसियतमा संशोधन विधेयक संसद सचिवालयमा बुझाएका छन्।

ठाकुरको गैरसरकारी विधेयक संसदसचिवालयमा आएको विधेयक शाखाका कर्मचारीहरुले जनाएका छन्।

'राजपाले छलफलगारि संविधान संशोधनको विधेयक दर्ता गर्नु पर्थ्यो' समाजवादी पार्टीका महासचिव रामसहाय यादवले भने, एक्लाएक्लै गरिने कार्यले पार्टी एकिकरणको विषयमा नकारात्मक सन्देश प्रवाह हुनेछ ।संशोधन विधेयक दर्ता गर्नु अहिले कुनै हतार नभएको उनले बताए।

'छलफलगारि एउटै संशोधन विधेयक दर्ता नगरिए हामीपनि पार्टीमा छलफल गरेर अर्को विधेयक दर्ता गर्नेछौं' महासचिव यादवले भने, तर हाम्रो तर्फबाट एउटै संशोधन विधेयक दर्ता भए राम्रो हुनेछ।



कोरोना भाइरसका लक्षण
ज्वरो आउने
खोकी लाग्ने
श्वास फेर्न गाह्रो हुने
कोरोना भाइरसबाट बच्ने उपाय
बेलाबेलामा साबुन-पानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।
खोक्दा, हाच्छ्युँ गर्दा नाक, मुख टिस्यु पेपर वा कुहिनाले छोप्ने
हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गर्ने
भीडभाडमा नजाने
ज्वरो आएमा, खोकी लागेमा वा श्वास फेर्न गाह्रो भएमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने
कालिकामाई गाउँपालिका
हरिहरपुर, पर्सा, प्रदेश नं. २

कोरोना भाइरस संक्रमितको संख्या १२ सय नाघ्यो, ६ को मृत्यु

टुडे समाचारदाता

काठमाण्डु ।नेपालमा कोरोना भाइरसको संक्रमित एकै दिन १ सय ७० जना फेला परेका छन् ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाए अनुसार शुक्रवार दिउँसो सम्म १ सय ७० जनामा कोरोना भाइरस(कोभिड-१९)को संक्रमण पुष्टि भएकोछ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार थपिएको संख्या समेत संक्रमितको कुल संख्या १२ सय १२ पुगेको छ। मन्त्रालयका अनुसार अहिलेसम्म २ सय ६ जना निको भएका छन् ।प्रवक्ता डा देवकोटाले जनाए अनुसार हाल सम्म कोरोनाका कारण ६ जनाको मृत्यु भएको छ।

जेठ १० गते भारतबाट फर्किने क्रममा अर्घाखाँचीको भूमिकास्थान नगरपालिका -९ का एक युवकको बाटोमै मृत्यु भएको थियो। भैरहवाको प्रयोगशालमा स्वाब परीक्षण गर्दा बिहीबार नै उनमा कोरोना संक्रमण भएको पुष्टि भएको थियो ।तर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भने शुक्रबार मात्रै औपचारिक रुपमा कोरोनाले मृत्यु भएको घोषणा गरेको छ।

प्रवक्ता देवकोटाका अनुसार विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा एकै दिन १ सय ६५ पुरुष र ५ महिलामा कोरोना पुष्टि भएको हो। शुक्रबार कोरोना पुष्टि हुनेमा रौतहट राजपुरका ५६ , झापा कचनाकवलका २४, कपिलवस्तु यशोधराका २३, कपिलवस्तु गौतमबुद्ध मावि क्वारेन्टीनमा बसेका १५, बाँके डुडुवाका १०, कपिलवस्तुको विजयनगरका ९, सप्तरीको राजविराज, पर्साको पोखरिया, कपिलवस्तु नगरपालिका, बारा र सर्लाहीको मलंगवाका ४-४, झापा तयारीभिट्टाका ३, नवलपरासी सुस्तापूर्व र दाङ गढवाका २ -२ , र झापा भद्रपुर, पर्सा जिराभवानी, म्याग्दी मालिका, रुपन्देही सैनामैना र ललितपुरको पाटन अस्पतालमा रहेका सर्लाहीकी १-१ गरेर १ सय ७० जनामा कोरोना पुष्टि भएको हो।

मन्त्रालयका अनुसार हाल सम्म कुल ९९ हजार १ सय ३६ जना क्वारेन्टाइनमा छन्। १ हजारलाई आइसोलेशनमा राखिएकोछ।

मन्त्रालयका अनुसार हाल सम्म पीसीआर विधिबाट ६४ हजार १ सय ५४ र आरडीटी विधिबाट १ लाख ५ हजार ४ सय ७८ जनाको नमुना परीक्षण भएको छ। पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट ३ हजार २ सय ३८ र आरडीटी विधिबाट ३ हजार आठ सय ४४ नमुना परीक्षण गरिएको छ।

'जनमन सँ जनजन धरि'
रेडियो टुडे
९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक संग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५९०१०१
भिन्सर ५ बजे सँ राति ११ बजे धरि

जनकपुर टुडे

गाँजासहित दुई जना पक्राउ

टुडे समाचारदाता

सर्लाही। सर्लाहीमा गाँजासहित दुई जना पक्राउ परेका छन्। मलंगवा नगरपालिका ६ खुटौनाको नहरबाट प्रहरी चौकी खुटौनाबाट खटिएको प्रहरी टोलीले मुसैलीबाट भाँडसर तर्फ जाँदै गरेको बीआर ३१एक्स ९८१८ नम्बरको मोटरसाईकलमा गाँजा लम्दै गरेको फेला पारेको हो।

कार्टुनमा अन्दाजी १२ किलोअवैध लागूऔषध गाँजा लुकाई छिपाई लाँदै गर्दा मोटरसाईकल चालक मलंगवा ३ बस्ने ३० बर्षीय तौसिफ राजा मिकरानी र मोटरसाईकलको पछाडि सबार ३१ बर्षीय अजमल मिकरानीलाई पक्राउ गरिएको सर्लाही प्रहरीका प्रबक्ता एवं डिएसपी मदन कुँवरले जानकारी दिए।

कपाल काटेकै भरमा कोठा खाली गर्न दबाब दिनु अनुचित

टुडे समाचारदाता

जनकपुरधाम। ग्राहकको कपाल काटेको निहुँमा एक जना नाईलाई जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ मा घरबेटीले कोठा खाली गर्न दबाब दिएका छन्।

वडा नं. ८ मा घर डेरा गरी बसिरहका नाईले चिनेको ग्राहकको कपाल काटेको सुइको पाएपछि घरबेटीले तत्काल कोठा खाली गर्नको लागि दबाब दिएका हुन्। नाम नबाउने सर्तमा उनले भने कपाल काटेकै निहुमा कोठा खाली गर्नको लागि लगातार ताकेता गरेका छन्।

उहाँहरुको कपाल काट्दा कोरोना भाइरस नलाग्ने र चिनेको ग्राहकको काटेमा लाग्ने शंकाको भरमा कोठा खाली गर्न दबाब दिइरहेको पीडित नाईले बताए। यता, कपाल काटेके निहुमा कोठा खाली गर्न दबाब दिएको घटनालाई नेपाल नाई ट्रेड युनियनका केन्द्रिय सचिव उमेश ठाकुरले भर्त्सना गरेका छन्।

लकडाउनको कारण कपाल कटाउन नपाएका चिनेका ग्राहकहरुले टेलिफोन सम्पर्क गरेर डेरामै आउन लागेपछि कपाल काट्न बाध्य भएको अवस्थामा घरबेटीले दबाब दिनु मुनासिब नरहेको उनले प्रष्टयाए। यता, युनियनका धनुषा जिल्ला अध्यक्ष पंचा ठाकुर र जनकपुरधाम उपमहानगरपालिकाका अध्यक्ष शिव ठाकुरले पनि घटनाको भर्त्सना गर्दै यस्तो संकटको घडीमा मानवताको परिचय दिनको लागि आग्रह गरेका छन्। कोरोनाको महामारीबाट बाँच्नको लागि सरकारले घरबाहिर ननिक्लिनको लागि गरेको लकडाउनको बेला घर खाली गर्न दबाब दिनुलाई उनीहरुले दुखद बताएका छन्। छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर उनीहरुले कपाल काट्न नचाहेपनि समाजिक सम्बन्धले बाध्य पारेको बताएका छन्।

प्रधानमन्त्रीद्वारा विश्व अर्थ व्यवस्थामा आमूल परिवर्तन गर्न आग्रह

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले साना र ठूला तथा धनी र गरिब

राष्ट्रबीचका लागि समावेशी विश्व आर्थिक पद्धति स्थापित गर्न विश्व समुदायसँग आग्रह गर्नुभएको छ।

'कोरोना महामारी र यसपछिका चरणमा विकासका लागि लगानी' विषयको राष्ट्रसङ्घीय उच्चस्तरीय भर्चुअल संवादमा गए राति सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विश्वका हरेक अर्थतन्त्रलाई माथि उकास्न दिन त्यस प्रकारको अर्थप्रणाली आवश्यक भएकाले विद्यमान विश्व आर्थिक व्यवस्थाको ढाँचामा आमूल परिवर्तन गर्न आग्रह गर्नुभएको हो।

राष्ट्रसङ्घका महासचिव तथा क्यानडा र जमैकाका प्रधानमन्त्रीहरुद्वारा आयोजित सो संवादमा प्रधानमन्त्री ओलीले कोभिड १९ विरुद्ध विकास भइरहेका खोपको वैज्ञानिकताका लागि परीक्षण हुनुपर्ने उल्लेख गर्दै त्यस्ता खोप धान्न सकिने हुनुपर्नेमा पनि जोड दिनुभयो। उहाँले कोरोना महामारीको भयावहतालाई ध्यान दिएर यस अग्निपरीक्षाबाट पार पाउन सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने बताउनुभयो। 'महामारीको सन्त्रासको अवस्थामा हामीले कसैलाई पनि अलग नगरीकन आपसमा मिलेर उचित रोकथाम गरी पुनःस्थापना र पुनःनिर्माणको सुनिश्चितता गर्नुपर्नेछ,' प्रधानमन्त्री ओलीले भन्नुभयो - 'यो हाम्रा बहुपक्षीय संस्था र प्रक्रियालाई सबल बनाउने समय हो।'

'दिगो आर्थिक-सामाजिक आधारस्तम्भका लागि हामी आर्थिक नीतिमा पुनःताजगीकरण र आफ्ना मुलुकका आन्तरिक स्रोतको परिचालन भएको हेर्न चाहन्छौं,' प्रधानमन्त्री ओलीले भन्नुभयो - 'हामीले अन्तराष्ट्रिय व्यापार प्रणालीलाई सामूहिक समृद्धिका लागि निष्पक्ष र न्यायोचित बनाउनुपर्छ। व्यापार युद्धमा लाग्नुहुन्न र संरक्षणवादको प्रतिरोध गर्नुपर्छ।' आफ्ना नागरिकको जीवनरक्षा नै पहिलो कार्यभारमा पर्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले विश्व स्वास्थ्य सङ्गठनले अहिलेको समयमा नेतृत्वदायी भूमिका निर्वाह गरेकामा आभार व्यक्त गर्नुभयो। उहाँले 'जि-२०' का राष्ट्रहरु र अन्तराष्ट्रिय मुद्रा कोषका पहललाई स्वागत गर्दै अझै प्रभावकारी काम हुनुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री ओलीले 'ओडिए', प्रत्यक्ष वैदेशिक लगानी, व्यापार, ऋण सहुलियत, विकास र प्रविधिको हस्तान्तरणमा अन्तराष्ट्रिय सहायताका मापदण्ड पूरा हुनुपर्ने खाँचो पनि औंल्याउनुभयो।रासस

उपमहानगरपालिकाद्वारा बिउ र कृषि उपकरण वितरण

रञ्जन यादव

जीतपुर। बाराको जीतपुर सिमरा उपमहानगरपालिकाले कृषि पेसालाई प्रोत्साहन गर्ने उदेश्यले अनुदानमा धानको बिउ र कृषि उपकरण बितरण गर्ने भएको छ।

धानमा ७५ प्रतिशत र कृषि उपकरणमा ८५ प्रतिशतसम्म अनुदान दिने भएको जीतपुर सिमरा उपमहानगरपालिकाकी उपप्रमुख सरस्वती देबी चौधरीले बताइन्। वितरण हुने धानको बिउमा साबित्री, हर्दिनाथ १४४२ र हाईब्रिड रहेको छ।

त्यस्तै कृषि उपकरणमा धान काट्ने मेसिन रिफर मेसिन, मके रोप्ने मेसिन पिउसो सिडर, मिनी टिलर र झार गाडिने मेसिन बितरण गर्न लागिएको कृषि बिकास शाखा प्रमुख राधिका भारतीले जानकारी दिइन्। यी बिउ र उपकरणहरु उपमहानगरपालिकाले कृषक ,कृषि फर्म,कृषि समुह र कृषि सहकारीलाई बितरण गर्न लागेको हो।

बजेट कार्यान्वयन चुनौतीपूर्ण: अर्थशास्त्री

काठमाण्डु। सरकारले अगामी वर्षको बजेटमा राखेको वैदेशिक सहायता प्राप्त गर्नु निकै चुनौतीपूर्ण रहेको अर्थतन्त्रका जानकाहरुले बताएका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले शुक्रबार आयोजना गरेको 'पोस्ट बजेट भर्चुअल अन्तर्क्रियामा सहभागी राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा शङ्कर शर्माले चालू वर्षको तुलनामा १३५ प्रतिशतले वैदेशिक सहायता बढ्ने लक्ष्य बजेटले राखेको भन्दै त्यो हासिल गर्न कठिनाइ हुने बताउनुभयो।

विषम परिस्थितिमा यो लक्ष्य राख्नु महात्वाकांक्षी भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, ँहामीले राखेको लक्ष्यभन्दा ४० प्रतिशत कम मात्रै वैदेशिक सहायता प्राप्त हुनसक्छ,। उद्योगधन्दा ठप्प छन्, विप्रेषण २० प्रतिशतले घटिसकेको छ र यो अवस्थामा सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य पनि महात्वाकांक्षी नै भएको उहाँको भनाइ छ।

अर्थशास्त्री प्रा डा गोविन्द नेपालले वर्तमान विषम परिस्थितिअनुसार उपयुक्त आकारको बजेट आएको बताउनुभयो। आगामी आवको बजेट सबैको सहमतिमा आएको उल्लेख गर्दै उहाँले कोरोनालाई बढी प्राथमिकता दिनु सकारात्मक भएको र रोजगारी सिर्जनाका क्षेत्रमा गर्न धेरै कार्यक्रम आएको स्पष्ट पार्नुभयो। बजेटमा राहत प्याकेज पर्याप्त नभएकाले पुनः कार्यदल बनाएर सरकार रोजगारदाता, बैंक तथा श्रमिक सबैको सहभागितामा पुनरावलोकन गर्नुपर्ने उहाँको कथन छ।

यस्तै, निजी क्षेत्रले कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशतमा नघट्ने गरी बजेटमार्फत राहत प्याकेज ल्याउन माग गर्दै आएको थियो। तर, अहिलेको बजेटमा राहत दिन खोजिए पनि छरिएर आएको उनीहरुको भनाइ छ।

आगामी आर्थिक वर्षको बजेटमा रु एक खर्ब पुर्नकर्जा कोषसहित पर्यटन र साना तथा घरेलु उद्योगलाई कर्मचारीको तलब एवं व्यवसाय पुनःसञ्चालनका लागि रु ५० अर्बको कोष स्थापना गर्ने व्यवस्था गरिएको छ।

बजेटमा साना उद्योगका लागि आयकर छुटलगायतका केही कुरा समेटिए पनि निकै छरिएर आएको उनीहरुको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले आगामी वर्षको बजेट उदार हुन नसेकेको र पुरातन शैली अपनाएको आरोप लगाउनुभयो।

अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रले मुख्य गरी विभिन्न चार सुझाव दिएको तर्क गर्दै उहाँले तरलता व्यवस्थापन, बैंक ब्याजदर, श्रमिक व्यवस्थापन, विद्युत्को डिमान्ड शुल्कजस्ता विषयमा आंशिक समेटिन पनि पूर्ण नभएको उल्लेख गर्नुभयो।

वरिष्ठ उपाध्यक्ष गोल्छाले सबैभन्दा चुनौतीका रुपमा रहेको श्रमिक व्यवस्थापन समेट्न नसकेको र सरकारले शतप्रतिशत तलब खुवाउन भनेपछि श्रमिक काममा आउन नचाहेको बताउनुभयो।

उहाँले सम्पत्तिको अभिलेखीकरण, भ्याट छुटलगायतका विषयमा बजेट मौन रहेको तर्क गर्दै सरकारले यो पटक जोखिम मोलेको भए अर्थतन्त्र चाँडै नै पुनः उत्थान हुने भए पनि त्यो अपेक्षा पूरा नभएको उहाँले बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेश अग्रवालले बजेट सांसदको प्रेसर र राजनीतिक दबाबमा आएको टिप्पणी गर्नुभयो। बजेटमा रु दुई खर्ब २५ अर्ब आन्तरिक ऋणबाट उठाउने भनिएकाले यसले एकातर्फ तरलता अभाव हुने र अर्कोतर्फ ब्याजदरमा प्रभाव पर्ने अग्रवालको भनाइ छ।

नेपाल उद्योग परिसङ्घका वरिष्ठ उपाध्यक्ष विष्णु अग्रवालले कोरोनाका कारण बजारमा मागमा ठूला प्रभाव परे पनि बजेटले माग बढाउने खालका कार्यक्रम ल्याइन नसकेको टिप्पणी गर्नुभयो। उहाँले सरकारले राखेको राजश्वको लक्ष्य भेटन चुनौतीपूर्ण रहेको धारणा राख्नुभयो।रासस

कर बढे पनि बजार मूल्यमा फरक पर्दैनः अर्थमन्त्री डा खतिवडा

सरकारले पेट्रोलियम पदार्थको करमा केही बढोत्तरी गरेको भए पनि बजार मूल्यमा कुनै फरक नपर्ने भएको छ। बिहीबार सङ्घीय संसद्मा अर्थमन्त्री डा युवराज खतिवडाले प्रस्तुत गर्नुभएको आगामी आवको बजेटमा पेट्रोल र डिजलमा प्रतिलिटर रु १० कर थप गरिएको उल्लेख भए पनि त्यसले बजारमा फरक नपर्ने भएको हो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा मन्त्री डा खतिवडाले नेपालबाट भारततर्फ हुने पेट्रोलियम पदार्थ र सुनको चोरी तस्करी रोक्न आयातमा केही कर थप गरिएको स्पष्ट पार्नुभयो।

अर्थमन्त्री खतिवडाले पेट्रोलियम पदार्थको सीमावारी र पारीको मूल्यमा अहिले नै प्रतिलिटर रु ३० सम्म फरक परेको, सीमाबाट तस्करी हुने गरेको र भारतबाट सवारीसाधन नै आएर नेपालका पेट्रोल पम्पमा भर्ने गरेको पाइएकाले कर बढाउनुपरेको बताउनुभयो।

भारत र नेपालबीचमा सेवा र वस्तुको मूल्यमा हुने फरकले पार्ने विकृति रोक्ने उपायस्वरुप सुन र पेट्रोलियम पदार्थको आयतमा कर लगाउनुपर्ने बाध्यता आइपरेको उहाँको भनाइ छ। अर्थमन्त्री डा खतिवडाले करको दर बढ्दा पनि नेपाल आयल निगमको नाफामा भने फरक नपर्ने उल्लेख गर्नुभयो। पेट्रोलियम पदार्थमा भएको करवृद्धिले उपभोक्तालाई थप मार नपर्ने उहाँको प्रष्टोक्ति थियो।

उहाँले केही महिनाअघि पेट्रोलियम पदार्थमा पूर्वाधार कर प्रतिलिटर रु पाँचले बढाएर रु १० बनाइएको समेत स्मरण गर्नुभयो। लकडाउनको अवस्थामा पेट्रोलियम पदार्थको मूल्य समायोजन नहुने पनि उहाँको भनाइ छ।

यस्तै विलासी विद्युतीय सवारसाधनको आयतमा लगाइएको करका सन्दर्भमा अर्थमन्त्रीले डा खतिवडाले भन्नुभयो, 'विद्युतीय सवारीसाधन भनेर पनि भएन, महँगो मूल्यका सवारीसाधनलाई भने केही बढी कर लाग्छ नै तर पेट्रोलियम पदार्थको प्रयोग हुने सवारीभन्दा तुलनात्मक रुपमा विद्युतीय सवारसाधन सस्तो नै हुन्छ।'

पेट्रोलियम पदार्थको आयात घटाउन विद्युतीय सवारसाधनलाई विगतमा भन्सार छुट दिए पनि ठूलो रकमको सवारी आयात भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, 'पेट्रोलबाट चल्ने सवारी आयात घटाउने भनेर दिएको सुविधामा महँगा महँगा गाडी आइरहने अवस्थाले हाम्रो निर्णय विवेकपूर्ण देखिएन। व्यापार घाटाका हिसाबले पनि यस्तो सुविधा उपयुक्त नभएर कर बढाइएको हो।'

उहाँले विद्युतीय सवारी पेट्रोल गाडीभन्दा सस्तो हुने गरी कर निर्धारण नगरिएको र व्यापार घाटालाई नै बढाउने गरी धेरै छुट भने दिन नसकिने स्पष्ट पार्नुभयो। अर्थमन्त्रीले जनताको हितमा अधिकतम उपभोग हुने वस्तुमा लाग्ने भन्सारबारे सरकारले भविष्यमा पनि पुनर्विचार गर्न सकिने उहाँको भनाइ छ।

सरकारले विद्युतीय सामग्रीको प्रयोगलाई बढावा दिने नीति लिएको सन्दर्भमा विद्युतीय चुलोलगायतका सामग्रीमा समेत किन कर बढाउनुपर्‍यो भन्ने पत्रकारको जिज्ञासामा मन्त्री खतिवडाले आम हितमा उपभोग हुने वस्तुमा भने आगामी दिनमा समेत थप निर्णय हुने बताउनुभयो।रासस

संक्रमितलाई सारियो गंगापुर

टुडे समाचारदाता

कलैया। बाराको कलैया अस्पतालमा रहेका कोरोना संक्रमितहरुलाई शुक्रबार कलैया उपमहानगरपालिका वडा नम्बर ३ स्थित शैक्षिक तालिम केन्द्रमा सारिएको छ।

कलैया आइसोलेसनमा रहेको ४६ जनालाई तालिम केन्द्रमा सारिएको कलैया अस्पतालका प्रमुख बिरेन्द्र मण्डलले जानकारी दिए। जेष्ठ ४ गते बारामा पहिलो संक्रमित जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँटमा कार्यरत रौतहटका प्रहरी जवानमा संक्रमण पुष्टि भएपछि कलैया अस्पतालको आइसोलेसनमा उपचार थालिएको थियो।

बिरामी सारिएसंगै कलैया उपमहानगरपालिकाले कलैया अस्पताललाई सेनिटाईज गरी चाडै जेनरल अस्पतालका रुपमा संचालन गर्ने नगरप्रमुख राजेशराय यादवले बताए। कलैया अस्पतालको आइसोलेसनमा कोरोनाको बिरामी राखेदेखि बिरोध हुदै आएको थियो।

पचरौतामा थप ४ जनामा कोरोना पुष्टि

सिकेन्द्र पासवान

कलैया। बाराको पचरौता नगरपालिकामा थप ४ जनामा कोरोना पुष्टि भएको छ। संक्रमित हुनेमा पचरौता नगरपालिका वडा नम्बर २ का ३ जना रहेका छन् भने वडा नम्बर ६ का १ जना छन्।

वडा नम्बर ३ का २५, ३५, २७ बर्षिय पुरुस रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए।

त्यसैगरि वडा नम्बर ६ का २७ बर्षिय पुरुस नै रहेका छ। उनीहरुलाई कलैया उपमहानगरपालिका वडा नम्बर ३ गंगापुरमा रहेको आइसोलेसन वार्डमा ल्याई उनीहरुको उपचार गरिरहेको प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले बताए।

यो संगै बारामा कोरोनाबाट संक्रमित हुनेको संख्या ५८ पुगेको छ। २ जना डिस्चार्ज भएको, १ जनाको मृत्यु भएको ३ जना वीरगंजको आइसोलेसनमा रहेको र बारामा ५० जनालाई राखी उपचार थालिएको कलैया अस्पतालका प्रमुख मण्डलले जानकारी दिए।

तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

मेष	: प्रेम प्रसंग, मित्र सुख।
बृष	: सुख समृद्धि हुने।
मिथून	: बौद्धिक क्षमता।
कर्कट	: वाद विवादबाट बच्नु।
सिंह	: नयाँ कार्य हुने।
कन्या	: अवसर प्राप्त।
तुला	: धन बृद्धि सञ्चय।
बृश्चिक	: पुरस्कार प्राप्त लाभ।
धनु	: शिक्षामा उन्नति।
मकर	: भ्रमण अवसर हुने।
कुम्भ	: पारिवाहिक सुख।
मीन	: प्रतिभा सम्पन्नता।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्लाईन)	४२००९९,४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्होम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	जलेश्वर अस्पताल	०४४-५२००७०
आँखा अस्पताल	५२०३९७	प्रहरी (जलेश्वर)	०४४-५२०००९
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
एयर पोर्ट	५२००४४	विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६
		बारुण यन्त्र (जलेश्वर)	०४४-५२००९७

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने सयम	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

बजेट व्यवहारिक र सन्तुलितःपरिसङ्घ

अर्थमन्त्री डा युवराज खतिवडाले बिहिबार आगामी आर्थिक वर्ष २०७७/७८ का लागि रु १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा पेश गर्नुभएको थियो । परिसंघले कोभिड १९ महामारीका कारण मुलुकको आर्थिक, उद्योग व्यवसाय एवं रोजगारीमा परेको प्रतिकूल प्रभावलाई रोकी अर्थव्यवस्थालाई चलायमान बनाउन आफूहरुले बजेट पूर्व प्रस्तुत गरेको सुझावलाई बजेटले सम्बोधन गरेको पाइएको स्पष्ट पारेको छ।

काठमाण्डु । नेपाल उद्योग परिसङ्घले कोरोना कारण उत्पन्न भएको विषमपरिस्थितिमा आएको बजेट आकार र कार्यक्रमका दृष्टिकोणमा व्यवहारिक र सन्तुलित रहेको जनाएको छ । अर्थमन्त्री डा युवराज खतिवडाले बिहिबार आगामी आर्थिक वर्ष २०७७/७८ का लागि रु १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा पेश गर्नुभएको थियो।

परिसंघले कोभिड १९ महामारीका कारण मुलुकको आर्थिक, उद्योग व्यवसाय एवं रोजगारीमा परेको प्रतिकूल प्रभावलाई रोकी अर्थव्यवस्थालाई चलायमान बनाउन आफूहरुले बजेट पूर्व प्रस्तुत गरेको सुझावलाई बजेटले सम्बोधन गरेको पाइएको स्पष्ट पारेको छ। यस्तै, परिसङ्घले कतिपय पक्षमा भने बजेट मौन रहेको उल्लेख गरेको छ।

परिसङ्घले आज एक विज्ञप्तिमार्फत जीवन रक्षालाई पहिलो प्राथमिकतामा राखिएको बजेटले स्वास्थ्य क्षेत्रको पुर्वाधार एवं जनशक्ति विकासलाई सम्बोधन गर्नु सकारात्मक रहेका भन्दै खुशी व्यक्त गरेको छ । स्वास्थ्य र शिक्षा क्षेत्रमा निजी क्षेत्रले भोगेको समस्या र सहभागितालाई यस बजेटले सम्बोधन नगरेको उसको भनाइ छ । महामारीले प्रत्यक्ष असर पुगेका विभिन्न उद्योगको पुनःरुत्थान गर्न बजेटले रु एक खर्बको पुनरकर्जा कोष तथा अति प्रभावित पर्यटन क्षेत्र लक्षित राहत व्यवस्थाका लागि रु ५० अर्बको राहत कोषको व्यवस्था गरेकाले निजी क्षेत्रले उठाएका अन्य माग मौद्रिक नीतिबाट सम्बोधन हुने अपेक्षा समेत लिएको छ।

नेपालको निजी क्षेत्रले उठाउँदै आएको विद्युत महशुलको विषयलाई बजेटले केहि सम्बोधन गर्ने प्रयास गरेको जानकारी दिँदै परिसङ्घले उद्योगको डिमाण्ड चार्ज मिनाहा गर्ने तथा अफपिक समयमा विद्यमान महशुलमा ५० प्रतिशत छुट गर्ने व्यवस्था सकारात्मक रहेको ठहर गरेको छ।

बजेटले बीमा तथा कृषिलाई समेत विशेष ध्यान दिएको, किसान क्रेडिट कार्ड, भूमि बैंकलगायतका व्यवस्थाले व्यावसायिक कृषिलाई समेत सम्बोधन गर्न खोजिएको र लघु साना तथा मझौला उद्योगका लागि दिइएका कर सहुलियत तथा अन्य सुविधा महत्वपूर्ण रहेकामा खुशी व्यक्त गरेको छ।

चालु खर्चलाई कम गर्न विभिन्न सरकारी खर्च कटौती गर्ने प्रस्ताव महत्वपूर्ण रहेको भन्दै परिसङ्घले सरकारले कर्मचारीको व्यावसायिकता वृद्धि गर्दै समयमै कार्य सम्पन्न गर्ने प्रवृत्तिसमेत बढाउन आवश्यक रहेको महशुस गरेको जनाएको छ।

अन्तःशुल्क लाग्ने वस्तुको सूची र सो को दर वृद्धि हुँदै गएकाले यस्ता वस्तुको सूची बढ्न हुँदैन र स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर गर्ने र नकारात्मक सूचीमा भएका वस्तुमा मात्रै अन्तःशुल्क लाग्नुपर्ने परिसङ्घको माग कायमै रहेको जनाएको छ । बजेटले हालको श्रमिकको पारिश्रमिकको मुद्दालाई सम्बोधन गर्ने अपेक्षा गरिएकोमा सम्बोधन नभएकोले त्यसबाट श्रम सम्बन्धन बिग्रन नदिन सरकारले विशेष ध्यानदिनु पर्ने परिसंघको भनाइ छ ।रासस

जेठ २१ देखि निजी विद्यालयमा भर्ना

निजी तथा आवासीय विद्यालय अर्गनाइजेस नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (एन-प्याब्सन), राष्ट्रिय अभिभावक महासङ्घ, संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) लगायतका संस्थाले आज संयुक्त विज्ञप्ति जारी गरी सो जानकारी दिएका हुन्।

काठमाण्डु। सरकारले नीति तथा कार्यक्रम र बजेटमा यस शैक्षिक सत्रको पठनपाठन भर्चुअल र अनलाइन विधिबाट अघि बढाउने उल्लेख भएपछि निजी विद्यालयले यही जेठ २१ गतेदेखि सामाजिक दूरीसहित विद्यार्थी भर्ना प्रक्रिया शुरु गर्ने भएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेस नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (एन-प्याब्सन), राष्ट्रिय अभिभावक महासङ्घ, संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) लगायतका संस्थाले आज संयुक्त विज्ञप्ति जारी गरी सो जानकारी दिएका हुन्।

ती संस्थाले प्रधानमन्त्री केपी शर्मा ओलीबाट यही जेठ १३ गतेको राष्ट्रका नाममा भएको सम्बोधनमा नयाँ शैक्षिक वर्षअन्तर्गतको पठनपाठन सञ्चालनको काम अगाडि बढाउने घोषणा गर्नुभएको हुनाले बन्दाबन्दीपछि परिवर्तित सन्दर्भमा सामाजिक दूरी कायम राखी विद्यार्थी भर्ना प्रक्रिया शुरु गर्न आफ्ना शिक्षक तथा कर्मचारीलाई उपस्थित गराउने भएको हो तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यसबारे कुनै निर्णय गरेको छैन ।मन्त्रालयको निर्णयपछि मात्रै सबै सामुदायिक विद्यालयमा समेत भर्ना खुल्नेछ। मन्त्रालयले गत वैशाख २२ गते विज्ञप्ति जारी गरी अर्को निर्णय नभएसम्म कुनै पनि कक्षा वा तहमा नयाँ भर्ना नलिन अपिल गरेको थियो । मन्त्रालयले भर्ना वा अनलाइन कक्षाका नाममा कुनै पनि शुल्क नलिन पनि आग्रह गरेको थियो।

निजी विद्यालयका सञ्चालकको संस्थाले त्यहाँका शिक्षक कर्मचारी विद्यालयमा उपस्थित भई नयाँ शैक्षिक सत्रका लागि योजना बनाउनुका साथै शिक्षक कर्मचारीलाई तालीम/अभिमुखीकरणका लागि व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष अनुरोध पनि गरेको छ। ती संस्थाले सरकारी निकायबाट पाठ्यपुस्तकको ढुवानी निर्वाध गराउन, भर्चुअल/अनलाइन कक्षालाई औपचारिक कक्षाका रुपमा परिभाषित गर्न, नियमित शिक्षालाई जस्तै मान्यता दिन त्यसका लागि आवश्यक सामग्री आयातमा छुट, विद्युत् महसुल र इन्टरनेट शुल्कमा छुट तथा सहुलियत दिन पनि माग गरेका छन्। रासस

अस्पतालको शय्या भरियोः सङ्क्रमितलाई क्वारेन्टिनमै

राजविराज । सप्तरीमा आइसोलेशन वार्डको अभावमा कोरोना सङ्क्रमण पुष्टि भएका सङ्क्रमितलाई क्वारेन्टिनमा नै राखिएको छ । सङ्क्रमण पुष्टि भएपछि आइसोलेशनमा राखेर उपचार तथा रेखदेख गर्नुपर्ने भए पनि शय्याको अभावमा सङ्क्रमितलाई क्वारेन्टिनमाराख्नुपरेको गजेन्द्रनारायण सिंह अस्पतालले जनाएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेण्ट डा चुमनलाल दासका अनुसार अस्पतालमा रहेका २४ शय्या भरिएको छ। सङ्क्रमितको सङ्ख्या ३३ पुगिसकेकाले अन्य व्यवस्था नहुँदासम्म उहाँहरूलाई बसिरहेकै क्वारेन्टिनमा अलग्गै राख्न लगाइएको उहाँले बताउनुभयो । क्वारेन्टिनमा राखिएका सङ्क्रमितको अवस्था सामान्य रहेको उहाँले बताउनुभयो । मन्त्रालयले बिहीबार नयाँ सार्वजनिक गरेको सप्तरीको १४ जनामा बोदे बर्साइनका १२ जना तथा खडक नगरपालिका र विष्णुपुर गाउँपालिकाका एक/एकजना थिए । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भएको परीक्षणअनुसार राजविराज-१० का नयाँ चारजना पुरुषमा सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ। प्रतिष्ठानले जानकारी दिएको यहाँका चार, मन्त्रालयले पुष्टि गरेका बोदे बर्साइनका तीन, खडक नगरपालिका र विष्णुपुर गाउँपालिकाका एक/एकजनालाई गएराति यहाँस्थित आइसोलेशनमा ल्याइएको छ । यसअघि आइसोलेशनमा डाकनेश्वरीका तीन, बलान बिहुलका तीन, सुरुङ्गाका एक र बोदे बर्साइनका आठ गरी १५ जना रहेका छन्।

आइसोलेशन वार्डका २४ शय्या नै भरिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार कोरोना सङ्क्रमण पुष्टि गरेका १४ जनामध्ये बोदे बर्साइनका नौजना क्वारेन्टिनमै रहेका छन् ।रासस

क्वारेन्टाइनस्थल दुर्गन्धित

भारतबाट फर्केर सिरहाको बरियारपट्टि र औरही गाउँपालिकास्थित क्वारेन्टाइनमा बसेकाहरूले जथाभावी फोहर फाल्ने र व्यक्तिगत सरसफाइमा ध्यान नदिँदा क्वारेन्टिनस्थल दुर्गन्धित बन्नुका साथै समुदायमै कोरोना फैलिने जोखिम बढ्केको हो । बरियारपट्टि गाउँपालिका-३ स्थित जनता माध्यमिक विद्यालय प्राविधिकको क्वारेन्टाइनमा बसेकाहरूले चिया नास्ता र खाना खाएको कागजको प्लेट तथा प्लाष्टिकको गिलास जथाभावी फाल्दा क्वारेन्टाइनस्थल दुर्गन्धित बनेको स्थानीयवासीले गुनासो गरेका छन्।

लहान । सिरहाका विभिन्न गाउँपालिकास्थित क्वारेन्टाइनमा बसेकाहरूले सरसफाइमा ध्यान नदिँदा क्वारेन्टाइनस्थल दुर्गन्धितसँगै सङ्क्रमण समुदायमै फैलिने जोखिम बढेको छ।

भारतबाट फर्केर सिरहाको बरियारपट्टि र औरही गाउँपालिकास्थित क्वारेन्टाइनमा बसेकाहरूले जथाभावी फोहर फाल्ने र व्यक्तिगत सरसफाइमा ध्यान नदिँदा क्वारेन्टिनस्थल दुर्गन्धित बन्नुका साथै समुदायमै कोरोना फैलिने जोखिम बढ्केको हो।

बरियारपट्टि गाउँपालिका-३ स्थित जनता माध्यमिक विद्यालय प्राविधिकको क्वारेन्टाइनमा बसेकाहरूले चिया नास्ता र खाना खाएको कागजको प्लेट तथा प्लाष्टिकको गिलास जथाभावी फाल्दा क्वारेन्टाइनस्थल दुर्गन्धित बनेको स्थानीयवासीले गुनासो गरेका छन् । "प्लेट, गिलास र प्लाष्टिकका झोला जतातते फालिएको छ", बरियारपट्टि गाउँपालिकाका मुकेश यादवले भन्नुभयो, "जसका कारण क्वारेन्टाइनस्थल त दुर्गन्धित बनेको छ नै जथाभावी फालिएको फोहरका कारण बस्तीमा कोरोना भाइरससँगै अन्य रोगको सङ्क्रमण फैलिने जोखिम बढ्केको छ।" क्वारेन्टाइनमा बसेकाहरूले व्यवस्थितरूपमा फोहर नफाल्दा यतिबेला क्वारेन्टाइनस्थल वरिपरि दुर्गन्धिले त्यहाँ जान नसक्ने अवस्था रहेको उहाँको भनाइ छ।

बरियारपट्टि गाउँपालिकाले बनाएको सो क्वारेन्टाइनमा भारतबाट फर्किएका ६८ जना बसिरहेका छन् । क्वारेन्टिनमा बसेकाका लागि बरियारपट्टि बजारबाट प्लाष्टिकको झोलामा खाना प्याकिङ गरी पुऱ्याउने गरिएको छ। होटल सञ्चालकले प्लाष्टिकको झोलामा प्याकिङ गरी पठाएको खाना, नास्ता र चिया खाएपछि प्लेट र गिलास खाल्डो खनेर पुर्नुपर्नेमा त्यसो नगर्दा क्वारेन्टाइनस्थल दुर्गन्धित हुनाका साथै ती फोहर बस्तीसम्मै पुग्ने गरेकाले बस्ती नै सङ्क्रमणको जोखिममा रहेको स्थानीयवासी बताउँछन्।

बरियारपट्टि गाउँपालिकासँगै टाँसिएको औरही गाउँपालिकाको क्वारेन्टाइनमा पनि यस्तै समस्या देखिएको स्थानीयवासीले गुनासो गरेका छन् । "क्वारेन्टाइनस्थलमा थोरै सङ्ख्यामा शौचालय छ", औरही गाउँपालिका-४ का शिवदयाल यादवले भन्नुभयो, "जसका कारण क्वारेन्टाइनमा बसेकाहरू खुल्लारुपमै शौच गर्दा दुर्गन्ध फैलिएको छ, वरिपरि बस्ने अवस्था छैन ।" औरही गाउँपालिकाले स्थानीय विद्यालयमा बनाएको क्वारेन्टाइनमा अहिले ५५ जना बसेको प्रहरी चौकी औरहीका प्रहरी हवल्दार उमेश यादवले बताउनुभयो । "क्वारेन्टाइनमा बसेकाहरूले क्वारेन्टाइन नजिकै रहेको पोखरीको डिलमा खुल्ला शौच गर्नाका साथै प्लेट र गिलाससमेत फाल्ने गरेका कारण पोखरीसमेत दुर्गन्धित बनाएको छ", औरहीका अर्का स्थानीय दिलीप यादवले भन्नुभयो, "यो विषयमा पटक पटक गाउँपालिकाका अध्यक्षलाई जानकारी गराउँदासमेत सरसफाइतर्फ कुनै पहल हुन सकेको छैन।" जसका कारण सिङ्गो गाउँले समस्यामा परेको उहाँले बताउनुभयो।

यता बरियारपट्टि गाउँपालिकाका अध्यक्ष सन्तोष महतोले क्षमताभन्दा बढी व्यक्ति आएकाले क्वारेन्टाइन व्यवस्थापन गर्न समस्या भइरहेको बताउनुभयो। "क्वारेन्टाइनमा ५० जना राख्न सक्ने क्षमता छ, त्यहीअनुसार हामीले शय्या, झुल, साबुनलगायतको व्यवस्था मिलाएका छौँ, तर त्योभन्दा बढी व्यक्ति भएकाले व्यवस्थापन मिलाउन समस्या भइरहेको छ।" भारतबाट फर्किएका अधिकांशमा कोरोना सङ्क्रमण देखिएकाले क्वारेन्टाइनको सरसफाइ गर्न बाहिरका व्यक्ति नमानेकाले पनि फोहर थुप्रिएको उहाँले स्वीकार्नुभयो। रासस

दिवा खाजा विस्तार सकारात्मक माविसम्म निःशुल्क चुनौतीपूर्ण

बजेटमा सामुदायिक विद्यलयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न हाल ४३ जिल्लामा लागू भएको दिवा खाजा कार्यक्रमलाई देशभर विस्तार गर्ने गरी रु सात अर्ब ५२ करोड विनियोजन गरिएको छ । यस कार्यक्रमबाट २८ लाख बालबालिका लाभान्वित हुनेछन् । यो कार्यक्रमलाई कक्षा ८ सम्मका बालकालिकामा विस्तार गर्न पनि सुझाव आएको छ । यसैगरी छात्रवृत्ति कार्यक्रमलाई एकीकृत गरी मुलुकभर २६ लाख बालबालिका लाभान्वित हुने गरी रु दुई अर्ब ७० करोड विनियोजन भएको छ।

काठमाण्डु । आर्थिक वर्ष २०७७/७८ का लागि सरकारले ल्याएको बजेटमा दिवा खाजा र छात्रवृत्तिको विस्तार कार्यक्रम सकारात्मक भए पनि माध्यमिक तहसम्म गुणस्तरीय निःशुल्क शिक्षा चुनौतीपूर्ण देखिएको छ।

बजेटमा सामुदायिक विद्यलयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न हाल ४३ जिल्लामा लागू भएको दिवा खाजा कार्यक्रमलाई देशभर विस्तार गर्ने गरी रु सात अर्ब ५२ करोड विनियोजन गरिएको छ। यस कार्यक्रमबाट २८ लाख बालबालिका लाभान्वित हुनेछन्। यो कार्यक्रमलाई कक्षा ८ सम्मका बालकालिकामा विस्तार गर्न पनि सुझाव आएको छ।

यसैगरी छात्रवृत्ति कार्यक्रमलाई एकीकृत गरी मुलुकभर २६ लाख बालबालिका लाभान्वित हुने गरी रु दुई अर्ब ७० करोड विनियोजन भएको छ । गत वर्षदेखि शुरु भएको छात्रालाई स्थानीय तहमार्फत सशर्त अनुदानका रूपमा निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउन रु एक अर्ब ८२ करोड वित्तीय हस्तान्तरण गरिनेछ।

बजेट वक्तव्यमा सामाजिक न्यायसहितको समृद्ध नेपाल र मानवीय पूँजी निर्माणका लागि गुणस्तरीय जीवनोपयोगी शिक्षाको सुनिश्चितता गरिने जनाउँदै सार्वजनिक शिक्षाको भौतिक पूर्वाधार विकासका लागि गत वर्ष शुरु गरिएको राष्ट्रपति शिक्षा सुधार कार्यक्रम र सोअन्तर्गत सार्वजनिक विद्यालय सवलीकरण दशक कार्यक्रमलाई गति दिइने उल्लेख छ । यी कार्यक्रमका लागि रु ६ अर्ब विनियोजन गरिएको छ।

सो मन्त्रालयका लागि गत चालू वर्षभन्दा करिब रु आठ अर्ब वृद्धि गरी रु एक खर्ब ७१ अर्ब ७१ करोड विनियोजन गरिएको छ। चालू आर्थिक वर्षका लागि रु एक खर्ब ६३ अर्ब ७६ करोड विनियोजन गरिएको थियो।

प्रतिशतका हिसाबमा चालू आवमा शिक्षामा कूल बजेटको १० दशमलव ६८ विनियोजन भएकामा आगामी आवका लागि ११ दशमलव ६४ हुने देखिएको छ । विद्यालय पुनःनिर्माणको बजेटसमेत जोड्दा आगामी आवका लागि झण्डै एक प्रतिशत थप हुने अनुमान छ।

सङ्घीय संसद्का सांसद् तथा शिक्षाविद्ले दिवा खाजाको विस्तार र एकीकृत छात्रवृत्ति तथा सार्वजनिक विद्यालय सवलीकरण कार्यक्रम सकारात्मक भए पनि माध्यमिक तहसम्मको निःशुल्क शिक्षाका लागि कागजी प्रतिबद्धताका साथै आवश्यक स्रोत साधन र तत्परता आवश्यक भएको औँल्याएका छन्।

नेपाली काँग्रेसका नेता गगन थापाले देशभरका विद्यालयमा कक्षा ५ सम्मका विद्यार्थीका लागि दिवा खाजा र सबै तहका छात्रवृत्तिको एकीकृत गरी वितरणका सवालहरू सकारात्मक रहेको तर बजेट कम देखिएकाले माविसम्म निःशुल्क असम्भव देखिएको बताउनुभयो । संसद्मा बजेट प्रस्तुत भएको भोलिपल्ट आज शिक्षा पत्रकार समूहले आयोजना गरेको भर्चुअल संवादमा उहाँले भन्नुभयो, "कोरोना महामारीका कारण शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन, विद्यालय नक्साङ्कन आदिका लागि पुनःसंरचना गर्न यो उपयुक्त अवसर हो तर सरकारले त्यसरूपमा बजेट र कार्यक्रम ल्याउन सकेन।"

शिक्षा मन्त्रालय सहसचिव कृष्णप्रसाद काप्रीले चालू आवमा कूल बजेटको १० दशमलव ६८ रहेकामा सामान्य वृद्धि भएर आगामी आवका लागि ११ दशमलव ६४ प्रतिशत हुनु खुशीको विषय भएको र अर्थमन्त्रालयको सीमाका कारण अपेक्षाहरू सबै पूरा हुने स्थिति नहुने बताउनुभयो । उहाँले कक्षा ५ सम्मका सबै बालबालिकालाई निःशुल्क दिवा खाजा कार्यक्रमले विद्यालयमा विद्यार्थी ल्याउन, टिकाउन र गुणस्तीय शिक्षा दिन तथा पहुँच र गुणस्तर वृद्धि गर्ने जनाउनुभयो । आगामी बजेटमा शिक्षा क्षेत्रमा रु एक खर्ब ७१ अर्ब ७१ करोडको बजेट विनियोजन गरिएको छ।

शिक्षाविद् डा सुशन आचार्यले सरकारले अनौपचारिक शिक्षामा जोड दिनुपर्ने र सुशासनका सवाललाई गहनरूपमा लिनुपर्ने बताउनुभयो । अर्का शिक्षाविद् डा विनय कुसियतले बजेट परम्परागत भए पनि दिवा खाजाको विस्तार हुनु सकारात्मक हो भन्दै स्वयंसेवक शिक्षकको प्रबन्धजस्ता कार्यक्रमलाई राजनीतिकरण नगरी संस्थागत प्रणालीका रूपमा ल्याउन सकिने उचित हुने टिप्पणी गर्नुभयो । वरिष्ठ पत्रकार राजेन्द्र दाहालले दिवा खाजा कार्यक्रमका लागि स्थानीय उत्पादन र रोजगारी सिर्जना हुने गरी प्रोत्साहन गर्न सक्नुपर्ने सुझाव दिनुभयो।

निजी क्षेत्र असन्तुष्ट

बजेटमा सामाजिक उत्तरदायित्वअन्तर्गत एक निजी विद्यालयले एक सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र सामग्रीसहित सुधारको जिम्मेवारी बहन लिनुपर्ने विषय समावेश भएकामा निजी विद्यालय सञ्चालक असन्तुष्ट देखिएका छन् । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन (एन प्याब्सन)ले आज विज्ञप्ति जारी गरी सरकारले एकपक्षीयरूपमा उक्त कार्यक्रम ल्याएको जनाएको छ।

सो संस्थाका अध्यक्ष ऋतुराज सापकोटा र महासचिव सुवास न्यौपानेले आज जारी गरेको विज्ञप्तिमा कोरोना महामारीपछि निजी विद्यालय सङ्कटमा परेका बेला कुनै राहत नदिए थप जिम्मेवारी 'जोगीको घरमा सन्यासी' सावित भएको टिप्पणी गरिएको छ।

माध्यमिक तहको निजी विद्यालयले सामाजिक उत्तरदायित्वअन्तर्गत कम्तीमा एक सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधारसहित शैक्षिक गुणस्तर सुधारको जिम्मेवारी बहन गर्नुपर्ने बजेटमा उल्लेख छ । हाल कूल ३५ हजार विद्यालयमध्ये करिब साढे ६ हजार निजी विद्यालय सञ्चालित छन् ।रासस

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

राशन ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/१७

उपरोक्त सम्बन्धमा हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) रोगको संक्रमण फैलिन नदिनका लागि यस सबैला न.पा. भित्र देहायका वडाहरुमा स्थापना भएका क्वारेन्टाईनमा बस्ने व्यक्ति तथा क्वारेन्टाईनहरुको सुरक्षा एंव व्यवस्थापन कार्यमा खटाइएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी कर्मचारीहरुको देनिक खाजा, खाना लगायतको सामाग्री खरिद दरभाउपत्र मार्फत गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्थाले मितिः २०७७ ज्येष्ठ १८ गते आईतवार दिनको १२:०० बजे भित्र देहायका खाद्य समाग्रीहरुको सिलबन्दी दररेट यस सबैला नगरपालिकामा पेश गर्नु हुन र दर्ता हुन आएका दरभाउपत्र सोही दिन दिउँसो २:०० बजे खोलिने र सो मध्ये सबभन्दा न्युनतम दररेट पेश हुन आएका खरिदकर्तालाई सो कार्यको जिम्मेवारी दिईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सुचना आव्हान गरिएको छ।

तपसिल

सि.नं.	विवरण	समय	खाद्य सामाग्री	अधिकतम दर	दर	केफियत
१.	नास्ता	बिहान ८:०० बजे भित्र	चिया, बिस्कुट	प्रति व्यक्ति प्रति दिनको खाना, खाजा, पानी खर्च रु. २५०।- (दुई सय पचास मात्र) १३% भ्याट सहित		रातो चिया र न्युनतम रु. १० पर्ने बिस्कुट
२.	खाना	दिउसो १२:०० बजे भित्र	भात, दाल, भुजिया / तरकारी			सोना मंसुलीको चामल, मिक्स दाल र तरकारी (दुई किसिमको)
३.	खाजा	३:०० बजे भित्र	चना चिउरा/दहि चिउरा / चिउरा पकोडा			प्रत्येक दिन फरक फरक खाजा दिने
४.	चिया	४:०० बजे भित्र	चिया			रातो चिया
५.	खाना	राती ८:०० बजे भित्र	भात, दाल, तरकारी / भुजिया			सोना मंसुलीको चामल, मिक्स दाल र तरकारी (दुई किसिमको)
६.	पानी	देनिक	मिनरल वाटर			देनिक रुपमा प्रति व्यक्ति ४ बोतल राम्रो गुणस्तर भएको पानी

- श्री फकिर चन्द गामी उ.मा.वि. वर्कुवा वडा नं. १२
- श्री सरस्वती मावि. ठिल्ला वडा नं. ८
- श्री जनता मा. वि. सिमराडी वडा नं. १०
- श्री राम जानकी मा.वि. कुसमाहा सतोषर वडा नं. ९
- क्वारेन्टाईनहरु थप हुन सक्ने,

नोटः- माथि उल्लेखित खाद्य सामाग्रीको लागि सम्पुर्ण व्यवस्थापन कबुल गर्नेले गर्नुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाईएको कविता/गजलहरु

म मधेसी

म तराई बासी म मधेसी त के म नेपाली होईन
भन्छ मलाई बिहारी धोती के यो गाली होईन

गोरो मुहार सानो आँखा त्यो मात्रै नेपाली हो
यसरी रास्ट्रीयता छुटाउनु के यो दलाली होईन

आफुलाई गोरखाको छोरो भन्नेहरु भन्नुस कि
हाम्रो कालो शरिरको रगतमा के लाली होईन

मधेसी सँग त गुलाम जस्तो व्यबहार गर्नु हुन्छ
आफ्नो रगतले नेपाल सिच्नेके म माली होईन

हिमाल पहाड तराई छैन कोई पराई भन्नू हुन्छ
के यो कुरा आज देश भरी मात्र जाली होईन

माखे सांगलो कालो वर्ण भनी नेता पनि हेप्छ
के मधेसीको लागि कुनै न्याय प्रणाली होईन

लेखक : दिनेश यादव
हाल : साउदी अरब

राजनेता

हाम्रो देशको गजब छ राजनीति, गजब छन् नेता
छिमेकी देशले भुमी मिच्दै छ, भन्छन लडन होइन हाम्रो सभ्यता

गरिबको छोराछोरी लाई पाईरहेको छैन पढन सरकारी स्कुल छ लाचार
नेताको छोराछोरी पढ्दै छन् बेलायत र बाहिरबाट आउदै छन् लगजरी कार

देशमा बढ्दै छन् मोटर गाडि बढ्दै छ नयाँ नयाँ विदेशी समानको व्यपार
अहिले पनि उस्तै छ काचो बाटो र युवा बेरोजगार

देशका जनता छ अहिले अलपत्रमा, छैन उनिहरुको लागी केही राहत र कोटा
याहा कुर्सिको लागी चल्दै झगडा, ६० वर्ष नागेका पनी भन्छन अहिले छु युवा नेता

कसरी आगाडि बढिन्छ देश, कसरी जोगिन्छ हाम्रो संस्कृति
यदि यसरि नै रहे भने देशको राजनेता र एक आपसका कुटनिति

लेखक : एम डी ईमरान
ठेगाना : जितपुर सिमरा-१३, भलुही
अध्यनरत : बिरगंज पब्लिक कलेज

गणतन्त्रक ई घाऊ

अख्नो ई दऽरद बढ़के छै बाऊ
नहिये चोखेले 'गणतन्त्रक ई घाऊ'
जे एले से खोंठिये ओदारी गेले
अइठाँ सभ खोजैछे अपने दाऊ
पकोई छए कऽदेने नीक जकाँ कऽ
मुदा पीज भित्री कहियो ने बनले
खील नीकाल'क बाते आब छोडू
मल्हम, पट्टीकँ त् नामे नहि रहले

अल्हा-मल्हाकऽ डाक्टर आबए,
खींच' लेल खून सिरिन्च हूराठे
लगाकऽ आला माला नपिते जोखिते
रोगक नाम सूनि नङ्क-ल' भागए
हिर्देकँ बात आब केकरा सुनेबए
गामक मुखीयो खोजैछे भाऊ
राज्जा-रानी देश'क सिम्मा बेचैछे
खरिद रहलछे, कहाँदुन मोदी साऊ

भाई कोई त् आबू ई देश बँचाबू
बीच भमरमें फँसल छे नाऊ
तरुआरि छोड़ि-छाड़ि खेबैया भ'ले
अप्ना सभ फेरू आब नारा लगाऊ

लेखक : वीरेन्द्र कुशवाहा
हाल : दोहा कतार
सिरहा : अर्नमा गाउँपालिका ३

सरकारलाई कुर्सी प्यारो छ

न लिपुलेक प्यारो छ, न सागरमाथा प्यारो छ
नेपाल सरकारलाई त मात्र कुर्सी प्यारो छ

देशको पच्पन्न लाख युवा विदेशमा बेचिदा
ओली ज्युलाई त उग्र राष्ट्रवाद प्यारो छ

देशमा कोरोना को महामारी फैलिरहँदा
सरकारलाई उखान टुक्का र भ्रष्टाचार प्यारो छ

लकडाउनमा खान नपाएर गरिब आत्महत्या गर्दै
कम्युनिस्टलाई बहुमतको सरकार प्यारो छ

देशमा प्रयाप्त कोरोना अस्पताल र कोरेन्टाइन छैन
तर सरकारलाई रेल र पानी जहाज प्यारो छ

नेपाल भारतको पुरानो बेटी रोटीको सम्बन्ध हैन
सागरमाथा लुट्ने चिनको कम्युनिस्ट प्यारो छ

न सागरमाथा न लिपुलेक न कालापानी
ओलीज्युलाइ प्रधानमन्त्री को कुर्सी प्यारो छ

लेखक :बलराम गुप्ता
जनकपुरधाम

प्रिय तिम्रै यादमा

हजारो को भिडमा लाखौंको बिचमा तिमी नै मेरी एक परि हुन,
तिमी नै मेरी प्रित , तिमी नै मेरी जिवन ,तिमीनै मेरी दिलकी रानी हुन।
तिमीलाई देखेर यो मन मैले थामन सकिन्न , सायद यही नै मेरो
दोस थियो आँखाको या दोस थियो कोमल मुटुको को किन आखिर
तिमीलाई चाहे मैले बुझ्न सकिन्न।

सजाई लिए मन मंदिर तिम्रै तस्विर, सायद यहिनै मेरो भुल थियो मैले
बुझ्न सकिन्न , किन आखिर तिमीलाई चाहे मैले बुझ्न सकिन्न।
सायद यो कुरा तिमिले समझे वा नसमझे मैले तिमीलाई भन्न
सकिन्न, सायद यहिनै मेरो भुल थियो तिमिलाई देखेर यो मन रोएको
थियो तर तिमीले बुझ्न सकेनौ।

तिमीले माया गर या नगर तर त्यो मिठो एहसास मैले भुलन
सक्दिन, अतित का पल समझी समझी रुदै छ
यो मुटु साथ दिने कोही छैन सायद तिमीले
समझे नौ।
जिंदगीको बाटोमा पडिसके एकले साथ
दिने कोही छैन सायद तिम्रो साथ भए भने
कती राम्रो हुन्थ्यो ।

नाम : सुनिल यादव
ठेगाना: धनौजी गाँउपालिका वाडा ३ झोझी कटैया
अध्यनरत : जानकी कलेज बिबिए जनकपुरधाम ४

कालु को आलु

समाजमा फैलिदै छन् कालुहरुको(नेता) महामारी ।
एक आपसमा लडदै छन् आलुहरुको(पैसा) लागि॥

बेचिदै छन् पुर्खाको सम्पत्ति आलुहरुको लोभमा।
राष्ट्रियता हाम्रो झल्किन्छ मात्र बिपत घडीको समयमा ॥

कालुहरुको मधुरो आवाज सुन्छौं हामी चुनावको समयमा।
कोइली जस्तै अनेक कालु निस्किन्छन् मात्र वसन्तको समयमा ॥

नबनाउनुस पिपलको पात झै
बरु देश बनाउँ लालिगुरास को फुल झै
कुम्भकरन जस्तै सुत्नु छैनन् देश बिकासको घडीमा ।
रामसेतु झैं एकताबद्ध भइ देश बिकासको गतिमा ॥

दिपक साह
(१५औं वाड सरसफाइ अभियानी)

गजल

यो विभेदका सिम्मा पार भयो'बा
मधेसीलाई हेप्नु बारम्बार भयो'बा

नेपालको इतिहासमा पहिलोपटक
ईन्डिया बिरुद्ध बोल्ने सरकार भयो'बा

गोर्खा रेजिडेन्ट आ होस् मधेसी वीर
सबै मिलेर युद्ध गर्ने तयार भयो'बा

कलापानि,लिपुलेक र लिम्पियाधुरामा
हाम्रो राष्ट्रिय झन्डा गाडनँ बिचार भयो'बा
एकजुट भए र यो लडाईँमा जानुपर्ने
तराई, पहाड, हिमालको अधिकार भयो' बा

लेखक : उदगार यादब
मिथिला विहारी नगरपालिका
सिरसिया ६ धनुषाधाम

अन्तिम पत्र

आज अन्तिम पल्ट एउटा पत्र, पठाएकी रहेछौ ।
उता शिरमा सिउँदो सिन्दुर, सजाएकी रहेछौ ।

झुठो माया रैछ तिम्रो, बल्ल थाह पाएँ मैले ।
साँच्चै तिमीले मलाई मन, दुखाएको रहेछौ ।

यता मलाई आँशुको सागरमा, रुवाएर गयौ ।
उता अरु कसैलाई, कति हसाएको रहेछौ ।

हातमा चुरा पाउमा पाउजु सजाएकी रहेछौ ।
धनी मान्छे धनिको साथ, रमाएकी रहेछौ ।

लेखक : राम भरोस साह (राम साह)
ठेगाना : जन्कनन्दनि गा.पा.-३, धनुषा
हाल : पुलचौक-१६, जनकपुरधाम
अध्यनरत : जानकी कलेज अफ मानेजमेन्ट (बिबिए)

हल सञ्चालकको गुनासो-'बजेटमा सिनेमा हललाई उपेक्षा गरियो'

काठमाण्डु । अघिल्ला वर्षहरुमा सरकारले प्रस्तुत गर्ने आर्थिक वर्षको बजेटमा नेपाली फिल्म क्षेत्रलाई खासै सम्बोधन गरिएको थिएन । तर, आर्थिक बर्ष २०७७-०७८ को बजेटमा भने नेपाली फिल्म क्षेत्रलाई केही हदसम्म प्राथमितामा राखिएको छ । अघिल्लो वर्षको बजेटमा काठमाडौंमा अत्याधुनिक स्टुडियो बनाउने, श्रमजीवी चलचित्रकर्मीलाई सामाजिक सुरक्षा भत्ता दिने र फिल्म छायांकनका लागि नेपाल कार्यक्रम सञ्चालन गर्ने एजेन्डा अगाडि सारेको सरकारले यसपटकको बजेटमा मौलिक फिल्मलाई प्रोत्साहित गर्ने, कलाकार संघको भवन निर्माणका लागि आर्थिक सहयोग गर्ने र फिल्म छायांकनका लागि सातै प्रदेशमा छायांकन स्थल बनाउन आवश्यक बजेट छुट्याएको छ । फिल्म क्षेत्रलाई सम्बोधन गरेर सरकारले प्रस्तुत गरेको बजेटलाई कति फिल्मकर्मीले स्वागतयोग्य भनेका छन् भने कतिले उत्साहजनक नभएको बताएका छन् ।

फिल्म निर्देशक तथा नेपाल चलचित्र संघका महासचिव अशोक शर्मा सरकारको बजेटले नेपाली फिल्म क्षेत्रलाई कुनै प्रकारको राहत नर्पुयाउने दाबी गर्छन् । उनले, सरकारले फिल्म क्षेत्रलाई चलायमान बनाउन आर्थिक प्याकेज ल्याउनुको सट्टा लोकप्रिय शब्द प्रयोग गरेर बजेट ल्याएकोमा असन्तुष्टि जनाए । उनी भन्छन्, 'यो बजेटले चलचित्र उद्योगलाई खासै कुनै किसिमको राहत पुर्याएको छैन । सरकारले यो वर्षको बजेटमा फिल्म उद्योगलाई केही हदसम्म माथि उठाउन र चलायमान बनाउनका लागि केही ठोस आर्थिक प्याकेजहरु ल्याउनेमा हामी आशावादी थियौं । हामीले सञ्चारमन्त्रीसँग भेट गर्दा यो कुराहरु प्रस्तावके रुपमा दिएका थियौं । तर, बजेटमा फिल्म उद्योगलाई राहत पुग्ने केही पनि आएन । बजेटमा केही पपुलर शब्द प्रयोग गरिएको छ । त्यो के हो भने सातैवटा प्रदेशमा छायांकन स्थल बनाइने, कलाकार संघको भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गर्ने, मौलिक फिल्मलाई प्रोत्साहित गर्ने बुँदा बजेटमा समावेश छन् ।'

कलाकार संघको भवन निर्माण हुँदैमा समग्र फिल्म क्षेत्रको विकास नहुने पनि उनको भनाई छ । उनी थप्छन्, 'हामीले एकै ठाउँमा फिल्म छायांकन गर्ने स्टुडियोको माग गर्दा त भएको छैन यो सातै प्रदेशमा फिल्म छायांकन स्थल बनाइने भन्ने कुरा बच्चाहरुलाई भुल्याउने खालको भयो । सरकारले मौलिक फिल्मलाई प्रोत्साहित गर्ने भनेको छ । मौलिक फिल्मको परिभाषा के हो ? त्यो मौलिक फिल्म हो भनेर मुल्यांकन गर्ने कसले ? हामी कहाँ मुल्यांकन गर्ने मान्छे बाहेस छन् । यहाँ धेरै राम्रो(राम्रो कृतिहरुमा एकदमै नराम्रो फिल्म बनेको देखेका छौं । हामीसँग त्यस्तो मौलिक किसिमका फिल्म बनाउने दक्षता एकदमै कम छ । बजेटले बोल्नु पर्ने कुरा के थियो भने सबै क्षेत्रलाई चलायमान बनाउने हो भने सरकारले ठूलो आर्थिक प्याकेज ल्याउनु पर्थ्यो । तर, त्यसो हुन सकेन । यो अवस्थामा फिल्म उद्योगले गति लिन गाह्रो पर्ने देखिन्छ ।'

हल सञ्चालक तथा नेपाल चलचित्र संघका निर्वतमान अध्यक्ष प्रदीप उदय पनि सरकारको बजेटले फिल्म क्षेत्रलाई गति नदिने ठोकुवा गर्छन् ।

फिल्मीखबर

राम्रो शिक्षा

किताबका पानामा
हुन्छन् धेरै ज्ञानका कुरा
यहिँ कुरा सिकेर
बन्छौ हामी मान्छे ठूला

किताबमा पढेर
कापीमा गर्छौ अभ्यास
कहिल्यै पनि न मान्नु हार
गर्दै रहनु प्रयासँ

ढोग गर्नु माता सरस्वतीलाई
पाउँछौ तिमीले बुद्धि
कुकुर जति इमान्दार बन्नु
मेहेनती मौरि जति

ठूलो भएपछि तिमी
राम्रो, असल मान्छे बन्नु
आफ्नो स्वच्छ मुटुले
अर्काको सहयोग गर्नु

शत्रुलाई माफ गर तिमी
मनलाइ गर साफ
गर्नु सधैं राम्रो काम
न गर्नु कुनै पाप

सिहं जस्तै बाहादुर बन्नु
न डराउनु कसैसगँ
सधैं अगाडि बडिरहनु तिमी
सफलताको आसँसगँ

लेखक : प्रभाकर कु. महतो
अध्यनरत : न्यू पारिजात एजुकेशनल एकेडेमी
ठेगाना : महेन्द्रनगर ७

गजल

बहुल जाति,भाषा,धर्म एकताको मेरो देश !
हिमाल पहाड तराईको अनमोल छ मेरो देश !!

स्वतन्त्र छ सधैं सधैं रहिआएको प्यारो मेरो देश !
विश्वमै विविधतामा एकताको नमुना हो मेरो देश !!

लेखक : तनविर रेजा राइन
अध्यनरत : त्रिभुवन आदर्श मा वि बिन्धी
ठेगाना : जनकपुरधाम, १३

पर्सागढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
२ नं. प्रदेश, नेपाल

क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सुचना

(प्रथम पटक प्रकाशन मिति २०७७/२/१७)

यस कार्यालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारीक मुल्य खुल्ने कागजात (क्याटलग ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेखित भए बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धीत उत्पादक वा आधिकारीक विक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

१) यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिन्छ।
२) उक्त कागजातको लागी ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारीक विक्रेताले उक्त सवारी साधनको विक्री गर्न नेपाल सरकारको सम्बन्धीत निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अद्यावधिक नविकरण पत्र, स्थायी लेखा नम्बर (PAN), तथा मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व.२०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाइ गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धीत कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १६ ओ दिन १२ बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ।
३) यो सुचना प्रकाशित भएको मितिले १६ ओ दिन १२ बजे सम्म यस कार्यालयमा सिलबन्दी प्रस्तावदर्ता गराउनु सकिने छ तथा दर्ता गरिएको सिलबन्दी प्रस्ताव सोही दिन १४:०० बजे खोलिनेछ।
४) साथै सुचिकृत नभएका उत्पादक वा आधिकारीक बिकेता कम्पनीहरुले सुचिकृत गराइ उक्त शिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
५) पेश गर्ने दिन सार्वजनिक विदा परेमा पछिका कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

सि.नं.	सावारी साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	एम्बुलेन्स	Hard Top Jeep Ambulance, 4 WHEEL DRIVE, Maximum rated power output not less than 45 kw at governed RPM and Maximum torque not less than 110 NM	संक्षिप्त विवरणमा उल्लेख नभएको कुराहरु स्वीकृत Technical specification बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

बजेटमा कुरा दोहोरियो : पूर्वप्रधानमन्त्री डा भट्टराई

काठमाण्डु । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले विगत लामो समयदेखि हरेक वर्षको बजेटमा उही कुरा दोहोरिँदै आएको र आगामी आवकोमा समेत उस्तै अवस्था रहेको टिप्पणी गर्नुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको श्रव्य दृश्य छलफलका क्रममा उहाँले कोरोनाले पारेको प्रभावलाई कम गर्नेतर्फ बजेट केन्द्रित नभएको बताउनुभयो । उहाँले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका विषयमा राज्यले नै ध्यान दिनुपर्ने भए पनि त्यसतर्फ ठोस र प्रभावकारी कार्यक्रम आउन नसकेको गुनासो गर्नुभयो।

आगामी आर्थिक वर्षको बजेट परम्परावादी तवरले आएको आरोप लगाउँदै उहाँले गुणात्मक परिवर्तन र क्रमभङ्गको अपेक्षालाई त्यसले सम्बोधन गर्न नसक्ने आरोप लगाउनुभयो। बजेट समाजवादोन्मुख पनि नभएको र बजारवादतर्फ पनि जान नसकेर दोबाटोमा उभिएको जस्तो देखिएको र विगतदेखि नै त्यस्तै अवस्था रहेको भन्दै उहाँले दोबोटोमा उभिएर कहीँ पनि नपुगिने धारणा राख्नुभयो।

सामाजिक सुरक्षामा खर्च भएको रु ७० अर्बलाई विशेष व्यवस्था गरेर गरिब, श्रमजीवी वर्गको हितमा लगाउनुपर्ने सङ्घीय समाजवादी पार्टीका नेता समेत रहनुभएका डा भट्टराईकोभनाइ छ। विदेशबाट फर्किएका युवालाई विशेष कार्यक्रमका साथ अगाडि बढाउनुपर्नेमा त्यसो नभएको र कृषि क्षेत्रमा ठूलो लगानी गर्नुपर्ने अवस्था भए पनि त्यसतर्फ ध्यान नदिइएको उहाँको गुनासो छ । रेल, पानीजहाजजस्ता विषय यस वर्षका लागि अनावश्यक रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यस वर्ष ती विषयलाई थाँती राख्दा फरक पर्ने थिएन। यस वर्ष स्वास्थ्य, शिक्षा, रोजगारीमा ध्यान दिनुपर्ने थियो त्यो भने हुन सकेन।"

सरकारले साना, मझौला तथा ठूला उद्योगको विकासलाई प्रमुख प्राथमिकता दिएर वैदेशिक लगानी भित्र्याउनेतर्फ सहज वातावरण बनाउनुपर्नेमा त्यसतर्फ ध्यान नदिइएकामा आपत्ति जनाउनुभयो । यो वर्ष रेल र पानीजहाज थाँती राख्दा फरक नपर्ने बरु, शिक्षा, स्वास्थ्य, रोजगारी र राहत यस वर्षको प्रमुख आवश्यकता हुनुपर्ने उहाँको भनाइ छ । नेपालमा आएको ऋणको दुरुपयोग भएकामा गुनासो गर्दै उहाँले ठूला भौतिक पूर्वाधारको विकासका लागि ऋण लिन डराउनु नहुने बरु त्यसको सदुपयोग हुनुपर्ने बताउनुभयो।

बूढीगण्डकी तानातानमा पऱ्यो

उहाँले राष्ट्रिय गौरवको आयोजना बूढीगण्डकी 'आसेपासे पूँजीवाद'को तानातानमा परेको आरोप लगाउनुभएको छ। कूल एक हजार २०० मेगावाट क्षमताको सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार भएको र निर्माणमा लैजान सकिने अवस्थामा भए पनि कुनै प्रक्रिया अगाडि नबढाइएकामा आपत्ति प्रकट गर्नुभयो।

आफू प्रधानमन्त्री रहेको समयमा सो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको दुई नम्बरमा राखेर पेट्रोलियम पदार्थमा समेत कर लगाएको र मुआब्जा वितरणको कामसमेत भइरहेको अवस्थामा काम शुरु नहुनु दुःखद् रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "स्वार्थको तानातानमा परेका कारण आयोजना बन्दै नबन्ने हो कि भन्ने चिन्ता बढेको छ।" ऊर्जा सुरक्षाका लागि समेत बहुउद्देश्यीय आयोजना जरुरी रहेको भए पनि केही व्यक्तिको स्वार्थमा आयोजना बन्दी भएको उहाँको भनाइ छ ।रासस

सार्वजनिक निकायका रिक्त दरबन्दीमा नयाँ नियुक्ति रोक्का

काठमाण्डु । सरकारले सार्वजनिक निकायका सबै रिक्त दरबन्दीमा नयाँ नियुक्ति रोक्का राख्ने भएको छ । बिहीबार सङ्घीय संसद्मा अर्थमन्त्री डा युवराज खतिवडाले आर्थिक वर्ष २०७७/७८ का लागि बजेट प्रस्तुत गर्दै अत्यावश्यक सेवाबाहेकका सार्वजनिक निकायमा सबै रिक्त दरवन्दीमा नयाँ नियुक्ति रोक्का राख्ने जनाउनुभयो।

यस्तै सरकारले कोरोना रोगको रोकथामका सन्दर्भमा पहिलो पङ्क्तिमा रहेर काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत राष्ट्रसेवकबाहेक अरु कर्मचारी सबैका भत्ता कटौती गरेको छ। बजेट भाषणमा तीबाहेक अरुलाई प्रदान हुने प्रोत्साहन भत्ता, अतरिक्त समय भत्ता, बैठक भत्ता, खाना तथा खाजा खर्च, जोखिम भत्तालगायत सबै प्रकारका अन्य भत्ता आउने साउन १ गतेदेखि खारेज गरेको मन्त्री डा खतिवडाले जानकारी दिनुभयो।

सार्वजनिक संस्थान, विश्वविद्यालय, समिति, बोर्ड, प्रतिष्ठान, कोषलगायत सार्वजनिक निकायमा समेत लागू हुने गरी मितव्ययीतासम्बन्धी निर्देशिका जारी गरिने बजेटमा उल्लेख गरिएको छ। यस्तै कार्यलय सञ्चालन, इन्धन, मर्मत, सहज अवस्था आएपछि हुने आन्तरिक र वैदेशिक भ्रमण, कम प्राथमिकताका गोष्ठी, सेमिनार, परामर्श, सहायता, भैपरी खर्च, फर्निचर, सवारी साधन खरिद तथा मर्मत खर्चमा उल्लेख्य बजेट कटौती गरिएको उहाँले जानकारी दिनुभयो।

यस्ते आधारभूत सेवा प्रदान गर्ने सार्वजनिक निकायबाहेक कसैलाई पनि सञ्चालन अनुदान नदिने तथा सङ्घ, प्रदेश र स्थानीय तहमध्ये कुनै एक तहबाट अनुदान प्राप्त व्यक्ति वा संस्थालाई अर्को तहबाट थप अनुदान दिन नपाउनेसमेत व्यवस्था बजेटमा गरिएको छ ।रासस

कोरोना सिर्जित चुनौतीलाई अवसरका रुपमा उपयोग गर्न जोड

पोखरा । गण्डकी प्रदेशसभाको आजको बैठकमा कोरोना सिर्जित चुनौतीलाई अवसरका रुपमा उपयोग गर्नुपर्नेमा जोड दिइएको छ।

प्रदेशसभामा आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङले प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा प्रदेशसभा सदस्यले अर्थतन्त्र नै तहसनहस गर्ने गरी कोरोना भाइरसले थपेको चुनौतीका बाबजुद कृषिजन्य उत्पादनको वृद्धि गर्दै आत्मनिर्भरतातर्फ उन्मुख बन्ने अवसर सिर्जना गरेको बताउनुभयो।

सदस्य मायानाथ अधिकारीले सरकारले पहिलो प्राथमिकताका रुपमा कोरोनको रोकथाम र नियन्त्रणलाई लिएको बताउँदै यसको सही कार्यान्वयन हुनुपर्ने बताउनुभयो । कृषिमा आत्मनिर्भरताका लागि किसानलाई बाँझो जग्गामा उत्पादनमा प्रोत्साहन गर्नेमात्र नभई त्यसको बजारीकरण गरिनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले आवश्यक वस्तुको उत्पादनमा जोड दिई रोजगारी बढाउन सकिने बताउनुभयो।

अर्का सदस्य दोबाटे विश्वकर्माले कोरोनाका कारण भोक र रोगको समस्यामा परेकालाई बचाउनु अहिलेको आवश्यकता भएको बताउनुभयो । क्वारेन्टिनमा बसेका सर्वसाधारण अस्तव्यस्तमा परिरहेको अवस्थामा स्थानीय तह र प्रदेशले उचित व्यवस्थापनतर्फ लाग्नुपर्नेमा जोड दिदैं उहाँले स्वास्थ्य बीमाको विषय राम्रो भए पनि जहाँ उपचार गरे पनि त्यो सुविधा पाउने व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। सदस्य कृष्ण थापाले समाजवाद उन्मुख कार्यक्रम आउन नसकेको बताउँदै प्रदेशको आन्तरिक स्रोतबाट यहाँको आन्तरिक राजश्व बढी बनाउने किसिमको कार्यक्रम आउन नसकेको र प्राकृतिक साधनस्रोतको उपयोग नभई दोहन भइरहेको उल्लेख गर्नुभयो।

शिक्षा र स्वास्थ्यमा भएको व्यापारीकरण सम्बन्धमा सिद्धान्त तथा प्राथमिकतामा मौनता देखिएको उल्लेख गर्दै उहाँले बैंक तथा सहकारीले ब्याजको स्याज लिएर किसानको ढाड सेक्ने गरेकाले यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

सदस्य हरिशरण आचार्यले पर्यटन व्यवसाय थिलोथिलो भएको अवस्थामा आगामी दिनमा उनीहरूलाई राहत मिल्ने किसिमका कार्यक्रम आउनु जरुरी भएको भन्दै सङ्कटलाई निवारण गर्ने योजनाका साथ बजेट आउनु आवश्यक रहेको बताउनुभयो । विदेशबाट फर्कने सर्वसाधारणलाई लक्षित गरी कृषिका कार्यक्रम ल्याउन उहाँले सुझाव दिनुभयो।

सदस्य मोहन रेग्मीले कोरोनाका कारण अर्थतन्त्रमा ठूलो असर पारेको बताउँदै प्रदेश सरकारले यसको व्यवस्थापन गर्ने गरी कार्यक्रम तथा बजेट ल्याउने तयारी गरेको धारणा व्यक्त गर्नुभयो । समाजवादोन्मुख अर्थतन्त्रमा आधारित बजेट ल्याउने सरकारको तयारी रहेको बताउँदै उहाँले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग, उत्पादन वृद्धि, रोजगारका माध्यमबाट गरिबी निवारण गर्ने लक्ष्य सरकारको छ भन्नुभयो।

सदस्य गायत्री गुरुङले सङ्घीय राज्यप्रणालीका सबै इकाइसँगको समन्वय, कोरोनाले प्रभावित अर्थतन्त्रलाई जोगाउने अवस्थाका साथै समाजवादोन्मुख अर्थतन्त्रको विकासलाई सिद्धान्त र प्राथमिकतामा समेटिएको बताउँदै शहीद र बेपत्ता परिवारलाई प्राथमिकतामा राख्नुपर्ने तथा भूमिहीनसुकुम्बासीका समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

सदस्य ललितकला गुरुङले परिस्थितिले हामीलाई गाउँतिर नै लखेटेको बताउँदै यसप्रति लक्षित भई कार्यक्रम आउनु जरुरी भएको बताउनुभयो । योजना बनाउँदा भुपडीमा बस्ने किसानलाई सम्झनुपर्ने उल्लेख गर्दै उहाँले ठूलो स‍ङ्ख्यामा विदेशबाट फर्किएका नेपालीलाई समुचित सम्बोधन हुने गरी कार्यक्रम ल्याउन सुझाव दिनुभयो ।रासस

दलित पत्रकार सङ्घद्वारा देशभर प्रदर्शन

काठमाण्डु । राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालले रुकुमपश्चिमको चौरजहारी नगरपालिका-८ सोतीमा पाँच जना मारिएको घटनाको निष्पक्ष छानबिन र पीडित परिवारलाई न्याय तथा क्षतिपूर्तिको माग गर्दै शुक्रबार देशभर एकसाथ प्रदर्शन गरेको छ।

घटनाको विरोधस्वरुप दलित समुदायका पाँच युवा पत्रकारले आज काठमाण्डुको माइतीघर मण्डलामा शरीरमा सेतो कपडाले बेरेर मैनबत्ती बालेका थिए । काठमाण्डुसहित सङ्घको नेतृत्वमा बुटवल, कपिलवस्तु र सुर्खेतलगायत ६४ जिल्लामा दलित समुदायका पत्रकारले एकसाथ विरोध प्रदर्शन गरेका छन्।

शनिबार रुकुमपश्चिम चौरजहारी-८ सोती निवासी मल्ल थरकी एक युवतीसँग नवराज विश्वकर्माको अन्तरजातीय प्रेम सम्बन्ध भएको र विवाहका लागि साथी लिएर युवतीको घरमा जाँदै गर्दा स्थानीयले कुटपिट गरी हत्या गरेको पीडित परिवारको भनाइ छ।

मृतक नवराजको शव भेरी नदीमा भटिएको थियो । नवराजसँगै युवतीको घरमा गएका अन्य चार जनाको शव पनि भेरी नदीमा भेटिएको छ । सोही घटनामा एक जना बेपत्ता छन् । प्रदर्शनमा नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले जातीय भेदभाव तथा छुवाछूतविरुद्धको रुकुम घटनाको राजनीतिकरण नगरी निष्पक्ष छानबिन र कारवाहीको माग गर्दै दलितमाथिको उत्पीडन र भेदभाव तत्काल अन्त्य गर्न सरकारले शून्य सहनशीलता अपनाएर कानून कार्यान्वियन गर्नुपर्ने बताउनुभयो।

जागरण मिडिया सेन्टरका अध्यक्ष रेम विश्वकर्मा, साझा पार्टीका नेता प्रकाशचन्द परियार, पत्रकार ऋषि धमला र सङ्घका उपाध्यक्ष गोपाल बराइलीलगायतले दोषिमाथि कडा कारवाहीको माग गर्नुभयो । निष्पक्षरूपमा छानबिन गरी दोषीलाई हदैसम्मको कानूनी कारवाही गर्न माग गर्दै संसद् र सडकमा विभन्नि राजनीतिक दलका नेता, अधिकारकर्मी, दलित नागरिक समाज, सरोकारवाला सङ्घसंस्थाले समेत आवाज उठाउँदै आएका छन् ।रासस

काठमाण्डुमा नै छैन क्वारेन्टाइन

काठमाण्डु । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका होटल, लज र रिसोर्टलाई क्वारेन्टिनका रूपमा विकास गर्न सकिने सुझाव दिइएको छ।

शहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार परेको प्रतिवेदनमा हाल सञ्चलनमा रहेको क्वारेन्टिनको संख्या धेरै अपुग र अव्यस्थित रहेकाले होटल, लज र रिसोर्टलाई क्वरेन्टिनका रूपमा विकास गर्न सरकारलाई सुझाव दिएको हो । प्रतिवेदनमा भनिएको छ हाल सञ्चालनमा रहेको धेरै क्वारेन्टिन विश्व स्वास्थ्य सङ्गठनको मान्यताविपरीत रहेको र तीनको अवस्थामा सुधार गरी अब निर्माण गरिनेलाई मापदण्डअनुरुप बनाउनुपर्ने पनि बताइएको छ।

स्थानीय तहहरुले कोरोना जोखिम हुन नदिन क्वान्टिन निर्माणमा लाग्नुपर्ने शुक्रबार शहरी विकास मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा राज्यमन्त्री रामवीर मानन्धरले सो जानकारी दिनुभयो । उहाँका अनुसार निर्माणका लागि स्थानीय र प्रदेश सरकारले २५/२५ प्रतिशत र केन्द्र सरकारले ५० प्रतिशत आर्थिक लगानी गर्नुपर्ने हुन्छ।

छिमेकी मुलुक भारतबाट नेपाल प्रवेश गर्ने मुख्य नाकाले व्यवस्थापनमा सङ्घीय सरकारको सहयोग अपरिहार्य रहेको, प्रारम्भिक स्वास्थ्य परीक्षण र पारवहनको जिम्मा प्रदेश सरकारले लिने पनि प्रतिवेदनमा भनिएको छ । लकडाउनपछि तेस्रो मुलुकबाट नेपाल आउन सक्ने व्यक्तिको संख्या यकिन गरी तीनको व्यवस्थापन पक्षमा पनि ध्यान दिइ उनीहरुको आर्थिक क्षमताका आधारमा वर्गीकरण गरी सोहीअनुरुपको स्वास्थ्य जाँच र पारवहन र क्वारेन्टिनको व्यवस्था मिलाउने विषय पनि प्रतिवेदनमा उल्लेख छ।

क्वारेन्टिनस्थलमा आधार भूत आवश्यकताको व्यवस्थापन अनिवार्य र मनोरञ्जनात्मक सामग्रीको अलवा इन्टरनेटको व्यवस्था गरिनुपर्ने विषय पनि उल्लेख गरिएको छ। मन्त्रिपरिषद्को गत चैत १६ गते बसेको बैठकले शहरी विकास राज्यमन्त्री र स्वास्थ्य राज्यमन्त्रीलाई दिइएको जिम्मेवारीअनुरुप काठमाण्डु उपत्यका क्वारेन्टिन सञ्चालन गर्न सकिने स्थान र उपत्यका बाहिर हाल सञ्चालनमा रहेको क्वारेन्टिनको अनुगमन पनि यस किसिमको प्रतिवेदन तयार गरिएको हो।

प्रतिवेदन तयार पार्नका लागि स्वास्थ्यराज्यमन्त्री नमराज रावतले पश्चिम क्षेत्रको भ्रमण गर्नुभएको हो भने शहरी विकास राज्यमन्त्री मानन्धरले काठमाण्डु उपत्यकाको सम्बन्धित स्थानको अनुगमन गर्नुभएको थियो । हालसम्म काठमाण्डु उपत्यकाका एक वटा पनि क्वारेन्टिन निर्माण भएको छैन । उक्त प्रतिवेदन जेठ १५ गते प्रधमनमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पनि बुझाइएको छ ।रासस

बजेट कार्यान्वयनमा ध्यान दिऔँ : पूर्वअर्थमन्त्री पाण्डे

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का स्थायी कमिटी सदस्य एवं पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले सरकारले बिहीबार प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेट सकारात्मक रहेको टिप्पणी गर्नुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आज आयोजना गरेको श्रव्य दृश्य छलफलका क्रममा पूर्वअर्थमन्त्री पाण्डेले आगामी बजेटले मानव स्वास्थ्य, अर्थतन्त्रको स्वास्थ्य बिग्रेको बेलामा जस्तो बजेट आउनुपर्ने थियो, त्यस्तै आएको भन्दै प्रसन्नता व्यक्त गर्नुभयो।

नेता पाण्डेले सङ्क्रमण रोग नियन्त्रणका लागि ३०० शय्या 'बेड'को अस्पताल सङ्घीय राजधानीमा बनाउने, प्रदेशमा ५० बेडको र स्थानीय तहमा समेत अस्पताल बनाउने विषय समावेश गरिएको विषय आफैँमा महत्वपूर्ण भए पनि जिल्लाका अस्पतालमा नै चिकित्सक नरहेको अवस्थामा पालिकाहरूमा स्वास्थ्यकर्मी पुऱ्याउने विषय भने आफैँमा चुनौतीपूर्ण भएको बताउनुभयो।

चालू आवमा तोकिएअनुसारको बजेट कार्यान्वियन हुन नसकेको, राजश्व सङ्कुचनमा आएको र विप्रेषणको अवस्थामा समेत कमी आएको अवस्थामा आगामी दिनमा पनि त्यसको प्रभाव पर्न सक्ने बताउनुभयो।

वैदेशिक मुद्रामा दबाब पर्यटन, वैदेशिक रोजगारीमा समस्या परेकाले दबाब पर्ने अवस्था छ। सरकारले चालू खर्च कटौती गर्ने विषयलाई विशेष व्यवस्था गरेको तथा अनावश्यक कार्यालय खर्च, कार्यक्रम बन्द गर्ने तथा स्वास्थ्य क्षेत्रमा झण्डै रु २२ अर्बबराबरको बजेट थप हुनु स्वाभाविक र महत्वपूर्ण रहेको बताउनुभयो।

उहाँले बजेटमा झण्डै ६ लाख रोजगारी सिर्जना गर्ने विषय महत्वपूर्ण भए पनि विभिन्न शीर्षकमा राखिएको बजेटलाई एकीकृत गरेर एउटै बास्केटमा राखेर काम गर्नुपर्ने सुझाव दिनुभयो।

नगरपालिका र गाउँपालिकाको सिफारिसमा दिने गरी रु ५० अर्बको कोष खडा गरेर गाउँपालिका र नगरपालिकाको सिफारिसका आधारमा ऋण दिन चाहनेलाई दिने व्यवस्था गरिएको भए थप प्रभावकारी हुने धारणा राख्नुभयो । रोजगारीका लागि दिइने रकमको सदुपयोग हुनेतर्फ पनि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले सरकारले खर्च कटाउने तथा अनावश्यक क्षेत्रमा खर्च नगर्ने विषय आफैँमा सकारात्मक भए पनि आर्थिक वृद्धिको लक्ष्य पूरा हुन सक्छ त भन्ने प्रश्न भने कायमै रहेको बताउनुभयो।

वैदेशिक सहयोग नआएको अवस्थामा आन्तरिक ऋण उठाएर चालू खर्च धान्नुपर्ने अवस्था आउन सक्ने भएकाले विशेष ख्याल राख्न सरकारलाई सुझाव दिनुभयो।

सरकारले खर्च कटौती गर्दा, निजी क्षेत्रलाई कुनै समस्या नपर्ने भएकाले त्यसको विरोध गर्नुको अर्थ नहुने नेता पाण्डेको भनाइ छ । उहाँले आन्तरिकरूपमा बजार विस्तार गरी आर्थिक गतिविधि बढाउनका लागि तरकारी, दूधजस्ता कृषि उपजको समेत माग बढाउनुपर्ने बताउनुभयो ।रासस

औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा
प्रदेश नं. २, नेपाल

सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशन मिति : (२०७७/०२/१७ गते)

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित निर्माण बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्नशर्तहरुको अधिनमा रितपूर्वकका शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

१) बोलपत्र फाराम दोश्रोपटक सूचना प्रकाशित भएको मितिले १५ औं. दिनसम्म तोकिए वमोजिमको बोलपत्र दस्तुर रु.३०००।- (पछि फिर्ता नहुने) औरही गाउँपालिका, देउरी परवाहा स्थित सनराईनज बैंकमा रहेको खाता नं. ग-४-३०८००५०२७४५७०३००३ मा दाखिला गरेको भौचर, चालु आ.व. को लागि नविकरण भएको फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसायी दर्ताको इजाजतपत्र, मु.अ.क. दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र र आ.व. २०७५।०७६ को करचुक्ता गरेको प्रमाण पत्रहरुको प्रतिलिपी वा कर समायोजन पत्र संलग्न राखी सम्बन्धित निर्माण व्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधिले लिखित निवेदन दिई यस गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सक्नेछ। अधिकार प्राप्त प्रतिनिधि मार्फत बोलपत्र प्रकृयामा भागलिन अनिवार्य रुपमा अधिकार पत्र पेश गर्नुपर्नेछ।

२) खरिद गरेको बोलपत्र सम्बन्धी कागजातहरु रितपूर्वक स्पष्ट संग भरी कार्यालयमा दर्ता गर्ने बोलपत्र दाताले खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्का नं. बोलपत्र दता फर्मको नाम, पुरा ठेगाना उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरी बोलपत्र फाराम दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं. दिनको १२:०० बजे सम्म बोलपत्रहरु यस कार्यालयमा दर्ता गर्न सक्नेछ। दर्ता भएको बोलपत्रहरु सोही दिनदिनको २:०० बजे बोलपत्र दाता वा निजका प्रतिनिधिको रोहवारमा यसै कार्यालयमा खोलिने छ। तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ। बोलपत्र दाताले बोलपत्र साथ तोकिए वमोजिमको रकममा नघटाई औरही गाउँपालिकाको कार्यालयको नाममा रहेको औरही गाउँपालिका, देउरी परवाहा स्थित सनराईनज बैंकमा रहेको धरौटी खाता नं. ग-३-०८००५०२७४५७०३००७ मा नगदै जम्मा गरेको सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको र बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा कीम्तमा १२० दिन मान्य अवधिभएको बोलपत्र जमानत बीडबण्ड पेश गर्नुपर्नेछ। बोलपत्र पुस्तिका बीडबण्ड फाराम अनुसार भर्नुपर्ने हुन्छ। अन्यथा मान्यहुने छैन।

४) बोलपत्र शर्त सहित केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको परिमाणको मूल्य पत्रलगायतको बोलपत्र कागजातहरुमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको वा बोलपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिले रितपूर्वक सहिछाप गरेको हुनुपर्नेछ।

५) बोलपत्र दताले परिमाणको मूल्यपत्र (BOQ) मा मूल्य अभिवृद्धि कर बाहेक तिनुपर्ने सबै कर र अन्य शुल्कहरु समावेश गरी अंक र अक्षर दुबैमा स्पष्ट संग आइटम वाइज दररेट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। केरमेट भएमा ठाउँमा बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ।

६) बोलपत्र खरिद गर्नेअन्तिम मिति सार्वजनिक विदा परेमा विदा पछि लगते कार्यालय खुलेको दिनमा खरिद गर्न र सोको भोलिपल्ट १२:०० बजे भित्रदर्ता गर्न सक्नेछ। त्यस्ते दर्ता गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगते कार्यालय खुलेको दिनको १२:०० भित्रदर्ता गर्न सकिनेछ।

७) बोलपत्र सम्बन्धी कागजातहरु भाषागत समेत त्रुटीभएमा वा विषय र प्रसंगले अन्यथा अर्थ लागेमा यस कार्यालयलाई कुनै पनि बेला सो सच्चयाउन बाधा पर्ने छैन। नेपाल सरकार र स्थानीय निकायका हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ठेक्का रद्द गर्ते सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८) बोलपत्र दतालाई बोलपत्र पेश गर्नुपर्ने पूर्व निर्माण स्थल निरीक्षण गर्न सुझाव दिईन्छ। तर सो निरीक्षण गर्न लाग्ने खर्च बोलपत्र दाता आफैले व्यहोर्नु पर्नेछ।

९) बोलपत्र सम्बन्धी कागजात प्राविधिक स्पेशिफिकेशन तथा निर्माण स्थाल लगायतका विषयमा जानकारी गराउन २०७७।०२।२६ गते दिनको १:०० बजे यस कार्यालयमा आयोजना गरिने बोलपत्र पूर्वको बैठकमा सहभागी हुन इच्छुक हुने सबै बोलपत्रदातालाई अनुरोध गरिन्छ।

१०) एक फर्मको नाममा खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन । यस सूचनामा उल्लेखित बोलपत्रहरु सम्बन्धि थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। (सम्पर्क नं. ९८६९९९५४७)

११) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ।

१२) बजेट व्यवस्था तथा कार्यक्रम स्वीकृत नभएको अवस्थामा ठेक्का रद्द हुनेछ।

१३) यस सूचनाका सबै ठेक्काहरुको व्यवस्थापन र मूल्यांकन सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	ल.ई. रकम (भ्याट र कन्टेजेन्सि बाहेक)	धरौटी रकम
1	ARM/NCB/B/03/076-77	मण्डल केवट सेवा समिति भवन निर्माण	4344565.46	1,31,000.00
2	ARM/NCB/R/05/076-77	चौधरी पोखरी देखि सोनार पोखरी सम्म मुल सडक पि.सि.सि. ढलान कार्य	2158638.25	66000.00

प्रमुख प्रशासकीय अधिकृत

ट्वीटर, सामाजिक संचार माध्यम विरुद्ध राष्ट्रपति ट्रम्पको कार्यकारी आदेश

जेकी मिलर

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार ट्विटर र अन्य सामाजिक संचार माध्यमका कम्पनीहरू विरुद्ध नयाँ युद्धको घोषणा गर्नु भएको छ । उहाँले यी माध्यमलाई नियन्त्रण गर्ने उद्देश्यले एउटा कार्यकारी आदेशमा हस्ताक्षर गरेर विवादको बिऊ रोप्नु भएको छ । इन्टर नेटको माध्यमबाट बन्धनमुक्त अभिव्यक्ति स्वतन्त्रताका रूपमा कम्पनीहरूले प्राप्त गरेको कानुनी संरक्षणलाई राष्ट्रपतिको पछिल्लो कार्यकारी आदेशले चुनौती दिएको छ ।

ह्वाइट हाउसमा निकै तडकभडकका साथ कार्यकारी आदेश जारी गरिए पनि यस आदेशभित्र यथार्थभन्दा राजनीति बढी हाबी भएको प्रष्टै देखिन्थ्यो । केही दिनअघि राष्ट्रपति ट्रम्पले गर्नु भएका दुई वटा ट्वीटको विषयलाई ट्वीटरले "तथ्यजाँच"को नियमभित्र राखिदिएपछि यो विवादले उग्र रूप लिएको हो । ट्वीटरले "सम्पादकीय निर्णय" भन्दै आफ्ना ट्वीटलाई लिएर "राजनीतिक" प्रतिशोध साँधेको राष्ट्रपति ट्रम्पको आरोप छ । उहाँको विचारमा यस्ता कार्यहरू गर्दा सामाजिक मिडिया कम्पनीमाथि आइलाग्ने दायित्वको जिम्मेवार उनीहरू स्वयम हुनु पर्दछ ।

विगतमा आफ्ना विरोधीमाथि दिनरात आक्रमण गर्न राष्ट्रपति ट्रम्पले ट्वीटरको दुरूपयोग गरेको भन्दै आलोचना हुने गरेको थियो। तर पछिल्लो समय सिलिकन भ्यालीका उदारवादी विशाल प्रविधि कम्पनीहरू - ट्वीटर, फेसबुक, गुगल - ले कट्टरपन्थी विचारमाथि "तथ्यजाँच" को औजार प्रयोग गर्न थालेका थिए । राष्ट्रपति ट्रम्पको विचारमा आफ्ना समर्थकहरूका ट्वीटको तथ्यजाँच गर्ने वा ट्वीट हटाउने गरका छन् । कार्यकारी आदेशमा हस्ताक्षर गर्दै राष्ट्रपति ट्रम्पले भन्नुभयो, "हामी यसबाट थकित छौं ।" उहाँले नयाँ कार्यकारी आदेशबाट अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न बल पुग्ने दाबी गर्नुभयो ।

प्रविधि उद्योग समूहहरूले ट्रम्पको आदेशप्रति असहमति जनाएका छन् । उनीहरूको भनाईमा राष्ट्रपतिको आदेशले नवीनता र अभिव्यक्ति स्वतन्त्रता दुवै इन्टरनेटबाट दमनमा पर्नेछ । अमेरिकी च्याम्बर अफ कमर्सले राष्ट्रपतिको कदमप्रति आपत्ति जनाएको छ । "जेजस्तो परिस्थितिमा यो आदेश आएको भए पनि संयुक्तराज्य अमेरिकामा सार्वजनिक नीति यसरी निर्माण हुँदैन ।"कार्यकारी आदेशमा संघीय संचार आयोग (एफसीसी) र संघीय व्यापार आयोग समेतका स्वतन्त्र नियामक निकायहरूलाई प्रविधि कम्पनीहरूले आफूखुशी नयाँ नियमहरू लागू गर्न सक्ने वा नसक्ने भनी अध्ययन गर्न सक्ने उल्लेख छ । यद्यपि विज्ञहरूले अमेरिकी संसद काङ्ग्रेसको सहकार्यबिना सम्भव नहुने बताएका छन् ।

एफसीसीका अध्यक्ष अजित पाईले एक विज्ञप्तिमा भन्नुभएको छ, "यो बहस निकै महत्वपूर्ण छ। संघीय संचार आयोगले वाणिज्य विभागले दायर गर्ने नियमसम्बन्धी कुनै पनि निवेदनमाथि होसियारीपूर्वक समीक्षा गर्नेछ ।" ट्विटर र फेसबुक जस्ता कम्पनीहरूले कम्युनिकेसन्स डिसेन्सी एक्टको (सञ्चार शालीनता ऐन)को धारा २३० अन्तर्गत संरक्षण प्राप्त गरिरहेका छन् । ऐनले यी कम्पनीहरूलाई "प्रकाशक" को साटो "प्लेटफर्म" का रूपमा मान्यता दिएको छ । "प्रकाशक" भएको अवस्थामा उनीहरूमाथि कुनै सामग्रीका विषयमा कानुनी कारबाही हुन सक्दछ ।

यस्तै किसिमको कार्यकारी आदेश जारी गर्ने गरी ट्रम्प प्रशासनले यसअघि पनि छलफल चलाएको थियो । तर कानुनी जालो पार गर्न नसक्ने चिन्ताबीच यसलाई अघि बढाइन ।

"आम नागरिकहरू वा ठूलो समुदायबीचको संवादका क्रममा उनीहरू (कम्पनीहरू)ले आफूखुशी सेन्सर गर्ने, सीमित गर्ने, सम्पादन गर्ने, आकार दिने, लुकाउने, कुनै पनि प्रकारको संचारलाई परिवर्तन गर्ने सामर्थ्य राख्न सक्दैनन्," ट्रम्पले कार्यकारी आदेशमा हस्ताक्षर गर्नुअघि सामाजिक संचार माध्यमका बारेमा बताउनुभयो । "अमेरिकी इतिहासमा यति सानो संख्याका संस्थानहरूले मानव अन्तर्क्रियाको यति ठूलो क्षेत्रलाई नियन्त्रण गरेको कुनै उदाहरण छैन ।"

राष्ट्रपति ट्रम्पले हुलाकमार्फत हुने मतदान "धोखाधडी" रहेको तथा "मेल बाकस लुटिने छ" भनेर ट्वीट गरेपनि ट्वीटर कम्पनीले यसलाई "तथ्यजाँच" को घेरामा राखेको थियो । यसलगत्तै ट्रम्प र उहाँको चुनावी प्रचार टोलीले ट्वीटरको उक्त कदमको विरोध गरेको थियो । ट्रम्पले सन् २०२० को राष्ट्रपति चुनावमा ट्वीटरले हस्तक्षेप गरेको आरोप लगाउनु भएको छ । राष्ट्रपतिका रूपमा "आफूले यसलाई गम्भीरतापूर्वक लिएको र सत्य नहुने" उहाँले प्रतिक्रिया दिनुभएको छ । उहाँका चुनावी अभियानका प्रबन्धक ब्राड पार्स्केलले ट्विटरले "स्पष्ट राजनीतिक पूर्वाग्रह" राखेके कारण "महिनौं अगाडि ट्विटरबाट आफ्ला विज्ञापनहरू" हटाइएको बताउनुभयो । रासस

अमेरिकामा कार्यालयहरू खुला गर्न नयाँ निर्देशिका जारी

एएफपी

न्यूयोर्क । कार्यस्थलमा कोरोनाभाइरस फैलिनबाट रोक्ने उद्देश्यले अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) ले शुक्रबार नयाँ नियमहरू समेटिएको निर्देशिका सार्वजनिक गरेको छ ।

प्रस्तावित निर्देशिकामा कार्यालय पुनासाथ कर्मचारीहरूले कोविड-१९ का लक्षणहरू भए नभएको परीक्षण गराउनु पर्ने उल्लेख छ। उनीहरूले कार्यालयमा प्रवेश गर्नुअघि आफ्नो शरीरको तापक्रम जाँच्नु पर्नेछ। दोस्रो, कार्यालयमा कार्यस्थलका डेस्कहरू कम्तीमा ६ फिटको दूरीमा राख्नु पर्नेछ।

यदि ६ फिटको दूरी कायम गर्न नसकिए आआफ्ना डेस्कहरूको वरिपरि कडा प्लास्टिक ठड्याउनु पर्नेछ।

तेस्रो, कोरोनाभाइरस संक्रमणबाट बच्न कार्यालयका खुला स्थानहरूमा बस्दा निश्चित दूरी कायम गर्नुपर्नेछ। पटकपटक छुनुपर्ने सामानहरू जस्ते कफीका भाँडा, पानी चिस्याउने उपकरण, साझा खाजाहरू अलग अलग हुनुपर्ने व्यवस्था गर्न निर्देशिकामा भनिएको छ।

कार्यालयका लिफ्ट चढ्दा आलोपालो गर्ने वा सकभर प्रयोग नगर्नेतर्फ ध्यान दिन सिडिसीले जोड दिएको छ। अमेरिकाका कतिपय राज्यहरूले महिनौंदेखि जारी कडा लकडाउन हटाउनेतर्फ कार्य गरिरहेके अवस्थामा सिडिसीले नयाँ नियम सार्वजनिक गरेको हो।

कोरोनाबाट ३ लाख ६२ हजार भन्दा बढीको मृत्यु, ५९ लाख संक्रमित

एएफपी

जेनेभा । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ६२ हजार ३६८ पुगेको छ भने, संक्रमितको संख्या ५९ लाख २० हजार २५८ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ।

नेपाली समयानुसार शुक्रबार अपराह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसको कारण बिरामी भएका २५ लाख ९२ हजार २४ जना निको भएका छन्. । विश्वभरीमा २९ लाख ६५ हजार ८४२ हाल कोरोना भाइरस सक्रमित उपचाररत रहेका छन् । हालसम्म कोरोना भाइरस संक्रमित ५३ हजार ९७१ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिकालाई अत्यन्त प्रभावित पारेको छ । डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १७ लाख ६८ हजार ४६१ जनामा कोरोना भाइरस संक्रमण रहेको छ। यस प्रकोपको कारण अमेरिकामा १ लाख ३ हजार ३३० व्यक्तिको मृत्यु भएको छ। दक्षिणमा अमेरिकामा ७ लाख ५८ हजार १०७ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ३६ हजार ७४६ को मृत्यु भएको छ। युरोपमा १९ लाख ७९ हजार ११९ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने, १ लाख ७१ हजार ८२९ को मृत्यु भएको छ। एसियामा १० लाख ५६ हजार ६९० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, २९ हजार २२० जनाको मृत्यु भएको छ । अफ्रिकामा १ लाख ३१ हजार ७६० जनामा कोरोना भाइरस संक्रमण रुहेको छ भने, ३ हजार ८१४ जनाको मृत्यु भएको छ।

ओसियानामा ८ हजार ७७४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२५ जनाको मृत्यु भएको छ । विश्व स्वास्थ्य संगठनले गत मार्च ११ मा कोरोना भाइरसलाई विश्व महामारीको नाम दिइसकेको छ।

प्रवासीको पीडामा सरकारले ध्यान नदिएको सोनिया गान्धीको भनाइ

एएफपी

नयाँ दिल्ली। केन्द्र सरकारले प्रवासीहरूको अवस्थालाई ध्यान नदिएको आरोप लगाउँदै कोरोना भाइरस महामारीका कारण प्रभावित बनेको उक्त समुदायको समस्याप्रति सम्वेदनशील बन्न भारतीय काङ्ग्रेसका अन्तरिम अध्यक्ष सोनिया गान्धीले बिहीबार माग गर्नुभएको छ।

राहतको आवश्यक पर्ने परिवारलाई तत्काल प्रति परिवार १० हजार भारतीय रूपैंया उपलब्ध गराउन र आगामी छ महिनासम्म प्रति परिवार सात हजार ५०० रूपैंयाका दरले सहयोग राशीको व्यवस्था गर्न आग्रह काङ्ग्रेस नेतृ गान्धीले गर्नुभएको छ।

भारतीय काङ्ग्रेसले सञ्चालन गरेको 'स्पिक अप इण्डिया' अभियानको सन्दर्भमा जारी एक भिडियो सन्देशमा उहाँले भन्नुभयो, "काङ्ग्रेसले भारतको आवाज उठाउन यो सामाजिक अभियान गर्ने निर्णय गरिसकेको छ । हामी फेरि केन्द्रीय (संघीय) सरकारलाई खाँचोमा परेकालाई उपलब्ध गराउने गरी कोष खुला गर्न र राहत प्रदान गर्न आग्रह गर्दछौं ।" उहाँले भन्नुभयो, सरकारले राहतको आवश्यकता भएका प्रत्येक परिवारलाई छ महिनासम्म सात हजार ५०० राहतस्वरूप उपलब्ध गराउन आग्रह गर्दछु र प्रारम्भिक राहतका लागि १० हजार रुपेयाँ तुरून्त दिनुपर्छ ।"

"प्रवासी मजदुरहरूको सुरक्षित र निःशुल्क यात्राको लागि व्यवस्था गर्न, उनीहरूलाई आवश्यकता अनुसार घरमा पुऱ्याउन दैनिक खानाको अभाव हुन नदिन र खाद्यान्न सहयोगको प्रबन्ध सरकारले गरोस्," उहाँले भन्नुभयो। महात्मा गान्धी राष्ट्रिय ग्रामिण रोजगार सुनिश्चित ऐन २००५ ले व्यवस्था गरे अनुरूप गाउँमै २०० दिन काम गर्ने अवसरको सुनिश्चित गर्न काङ्ग्रेस अध्यक्ष गान्धी सरकारसँग माग गर्नुभएको छ।

साना उद्योगहरूलाई कर्जाको सट्टामा आर्थिक सहयोग गरी करोडौं रोजगारीका अवसर सुरक्षित गरी राज्यलाई पनि विकासको गतिबाट पछि हट्न नपर्ने अवस्थाको वातावरणको प्रत्याभूत गर्न उहाँले जोड दिनुभएको छ । यो सङ्कटको घडीमा हामी सबै नागरिकसँगै अघि बढ्ने र यो कठिन अवस्थाबाट विजय प्राप्त हुनेमा उहाँको विश्वास रहेको छ। विगत दुई महिनादेखि देशका सबै नागरिक तथा सङ्घसंस्थाहरूले कोभिड-१९ को महामारीको कारण कामबाट अलग्गिनु परेकोले मुलुकले चरम आर्थिक सङ्कटको सामना भोलिरहेको उहाँले बताउनुभएको छ । गान्धीले भन्नुभयो, "भारत स्वतन्त्र भएपछि पहिलो पटक सबैले लाखौं मजदुरहरूको पीडा भोग्नुपऱ्यो ।

> **"**
>
> ***राहतको आवश्यक पर्ने परिवारलाई तत्काल प्रति परिवार १० हजार भारतीय रूपैंया उपलब्ध गराउन र आगामी छ महिनासम्म प्रति परिवार सात हजार ५०० रूपैंयाका दरले सहयोग राशीको व्यवस्था गर्न आग्रह काङ्ग्रेस नेतृ गान्धीले गर्नुभएको छ । भारतीय काङ्ग्रेसले सञ्चालन गरेको 'स्पिक अप इण्डिया' अभियानको सन्दर्भमा जारी एक भिडियो सन्देशमा उहाँले भन्नुभयो, "काङ्ग्रेसले भारतको आवाज उठाउन यो सामाजिक अभियान गर्ने निर्णय गरिसकेको छ।***

भारतमा संक्रमितको संख्या १ लाख ६५ हजार नाघ्यो

एएफपी

नयाँ दिल्ली। भारतमा बुधबार एकै दिनमा ७ हजार ४६६ जना कोरोना संक्रमित थपिएका छन् । शुक्रबार बिहानसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ६५ हजार ७९९ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । शुक्रबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यत्तिको संख्या ४ हजार ७०६ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ७१ हजार १०५ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ८९ हजार ९८७ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ५९ हजार ५४६ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १९ हजार ३७२ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् ।

दिल्लीमा १६ हजार २८१ जना कोरोना संक्रमित रहेका छन् ।गुजरातमा १५ हजार ५७२ संक्रमति रहेका छन् । भारतमा दुई महिना भन्दा बढी समयदेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो ।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो ।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो। भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

'विवाद अमेरिका-चीन दुबैका लागि हानिकारक'

एएफपी

बेइजिङ। विश्वका दुई प्रमुख अर्थतन्त्र अमेरिका-चीनबीच तनाव हुनु कसैको पनि हितमा नभएको चिनियाँ प्रधानमन्त्री लि खछ्याङले बिहीबार बताउनुभएको छ । अमेरिका-चीनबीच पछिल्लो समय व्यापार, कोरोनाभाइरसलगायतका विविध बिषयलाई लिएर तनाब देखिइरहेका समय चिनियाँ प्रधानमन्त्रीले अमेरिका-चीनबीचको सम्बन्धमा समस्या आउनु चीन, अमेरिकालगायत विश्वका अन्य मुलुकका लागि पनि राम्रो नहुने बताउनुभएको हो।

यदि विश्वका दुई प्रमुख अर्थतन्त्रले एकआपसमा विवाद मात्रै गर्ने हो भने कोरोनाभाइरसका कारण प्रभावित विश्व अर्थतन्त्र अझै थप सङ्कटतर्फ जाने धारणा राख्नुभएको हो । राष्ट्रिय जनसभाको समापन समारोहपछि पत्रकार सम्मेलनमा बोलेका कुराबारे लीलाई उद्धृत गरी रूसी समाचार संस्था स्पुतनिकले लेखेको छ,"चीन र अमेरिकाले एकआपसमा सम्बन्धलाई जटिल बनाएमा यो अमेरिका, चीन र बाँकी विश्व कसैको हितमा पनि हुने छैन ।"पछिल्ला केही दिनमा चीन र अमेरिकाबीच 'कोरोनाभाइरस महामारी' चीनका कारण विश्वव्यापी बनेको तथा हङकङबारे चीनद्वारा ल्याइएको कानूनबारे अमेरिकाले चीनको आलोचना गर्दै आएको छ । त्यसो त अमेरिका र चीनबीच वर्तमान् अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा आएसँगै व्यापार विवादले स्थान लिएको छ।

चिनियाँ प्रधानमन्त्री लिले भन्नुभयो, "दुई मुलुकबीचसोचमा चिन्नता हुनु स्वभाविकक हुन्छ तर तर्कसम्मत माध्यमबाट सहमतिको साझा विन्दुमा पुग्नु उत्तम विकल्प हुन्छ ।""हामीबीच फरक राजनीतिक प्रणाली, सांस्कृतिक परम्परा र ऐतिहासिक पृष्ठभूमि रहेका छन् । त्यसैले हामीबीच विवाद हुनु नितान्त स्वभाविक कुरा हो । तर कुरा के हो भने विवादको कसरी समाधान निकाल्ने भन्ने हो। विगतका केही दशकदेखि अमेरिका-चीनबीच सम्बन्धमा विभिन्नरूपमा विवाद आयो ।" उहाँले भन्नुभयो, च"ीन र अमेरिका दुबै पक्षले दुई देशका राष्ट्रप्रमुखबीच यस पहिले सम्पन्न शिखर सम्मेलन तथा ओपचारिक तथा अनौपचारिक कुराकानीमार्फत निकालेको निष्कर्ष तथा महत्वपूर्ण मतऐक्यता बमोजिम समन्वय, सहकार्य र स्थिरताको आधारमा अघि बढ्नुपर्ने बुझाई चीनको रहेको छ।" प्रधानमन्त्रीले दुई मुलुकबीचको अर्थतन्त्र एकआपसमा गाँसिएका र व्यवसायले पनि एक अर्कालाई वेवास्ता गरी अघि बढ्न नसक्ने बताएका चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ।

कोरोनाबाट जोगिन रेस्टुरेन्टमा प्लाष्टिकले छेक्ने व्यवस्था

एएफपी

पेरिस । विभिन्न देशका केही रेस्टुरेन्टमा कोरोनाभाइरस फैलिन न्युनिकरण गर्ने व्यवस्थासहित पुनःसञ्चालनमा ल्याइएको छ । एक अर्कालाई कोरोनाभाइरस सर्न नपाओस् भन्ने उद्देश्यले टेबलमा प्लाष्टिकले छोप्ने व्यवस्था गरिएको सञ्चालकहरुले जनाएका छन् । हरेक व्यक्तिको अनुहार तथा शरिर तीन चार तिरबाट छेकिनेगरी टेवलमा नयाँ संरचना बनाइएको पाइएको छ । त्यस्ता संरचना बनाएपछि बोलेको सुनिने, देख्न सकिने तर एक अर्कालाई नछोईने र एक अर्काको स्वासप्रश्वास आदानप्रदान नहुने सञ्चालकको भनाइ छ । यस्ता संरचना कोरोनाभाइरस सर्ने खतरा रहेको बेलासम्मका लागि मात्रै राखिने उनीहरुले बताएका छन् ।

रेस्टुरेन्टमा सामाजिक दुरी कायम गर्नुपर्नेलगायतका आधारभूत स्वास्थ्य सतर्कता पनि अपनाउनु पर्ने नियम कायमै राखिएको छ । लिथुआनियाको राजधानीमा रहेको एउटा रेस्टुरेन्टमा बनाइएका त्यस्ता संरचनाहरु स्थानीय फेसन डिजाइनरले बनाएको बताइएको छ। "हामीले उपभोक्तालाई सुरक्षित र सजिलो हुनेगरी व्यवस्थापन गरेका छौं," रेस्टुरेन्टका एक सञ्चालक पात्रिकास रिबासले भन्नुभयो ।

राजधानी भिल्निसका मेयर रेमिगिजुस सिमासिससले सृजनात्मक र राम्रो काम गरेको भन्दै उनीहरुको प्रशंसा गर्नुभएको छ। त्यसैगरी जर्मनीको होफेममा रहेको 'विफ एण्ड विफ'ले पनि टेवलमा यस्तै प्रकारको संरचना बनाएको छ । आम्स्टर्डमिको मेडियामेटिक रेस्टुरेन्टले शिशाका साना साना कोठा तथा घरहरु बनाएर कोरोनाभाइरस फैलिन नदिने प्रयास गरेको छ।

Province no.2

Office of the Chief Minister and Council of Ministers

Janakpurdham, Dhanusha

Notice of Intention to Award the contract

Published date: 30 May, 2020

This is to notify all the concerned that, it is our intention to award the contract to the following bidders selected as substantially responsive lowest evaluated bids with respect to the following contract Id nos. and works.

This notice is being published for the provision of clause 27(2) of Public procurement Act, 2063 of Nepal.

S.n	Contract Id no.	Description	Selected bidder`s name and address	Evaluated bid price including VAT (NRs)	Remarks
1	OCMCMS2/NCB/ WORKS/076/77/03	Expansion and Maintenance of office building at premises of CM office, Janakpurdham	M/s Shaen Construction, Janakpurdham-12	54,09,854.10	
2	OCMCMS2/NCB/ WORKS/2076/77/11	Improvement and Maintenance works of DAO Dhanusha(2nd phase), Janakpurdham	M/s Ramesh Construction Pvt. Ltd,Janakpur-01	30,92,733.50	

तरकारी बारीमै चल्यो ट्र्याक्टर

चितवन । लामो समयसम्म लकडाउन जारी रहँदा पूर्वी चितवनका किसानले लगाएको तरकारीसहित बारी जोताउन थालेका छन् । किसानले उत्पादन गरेको तरकारीले बजार नपाएपछि तरकारीसहित नै जोत्न शुरु गरेका हुन् ।

खैरहनी नगरपालिका वडा नं १ बहेराका किसान वाससुदेव सापकोटाले तरकारी बिक्री नभएपछि खेतमा ट्र्याक्टर लगाएर जोताउन बाध्य भएको बताउनुभयो । यसपटक लकडाउनले गर्दा बजार मूल्य नपाएपछि सापकोटाले भिन्डीबारी जोताउनुभएको हो । उहाँले सात कठ्ठा जग्गामा भिन्डी लगाउनुभएको थियो । वैशाख महिनामा उहाँले रु १२ हजारको मात्र भिन्डी बिक्री गरेको बताउनुभयो ।

त्यसयता उहाँको भिन्डीले बजार पाएको छैन । लकडाउन लम्बिँदा प्रायः धेरै किसान मारमा परेका छन् । सापकोटाले आफ्नो परिश्रमबाहेक सात कठ्ठामा रु ६५ हजार खर्च गरेर भिन्डी लगाएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो "शुरुमा केही बिक्री भयो, अहिले सित्तैमा लैजानसमेत मान्देनन् ।"

बोटमा छिप्याएर राख्नुभन्दा जोतेर अर्को बालीको तयारी गर्न उपयुक्त ठानेर तरकारीसहित बारी जोतेको उहाँको भनाइ छ । बाह्र वर्षअघि प्रतिकिलो रु दुईमा झरेपछि उहाँले त्यो बेला पनि तरकारीसहितको बारीमा ट्र्याक्टर लगाउनुभएको थियो । अर्का किसान कृष्णप्रसाद सापकोटाले २३ कठ्ठामा तरकारी खेती गर्दै आउनुभएको छ । त्यसमध्ये छ कठ्ठामा भिन्डी खेती गर्नुभएको छ । अन्य तरकारीले बजार पाए पनि भिन्डीले भने मूल्य नपाउँदा उहाँ निरास हुनुहुन्छ । भिन्डीसँगै जोडिएको जग्गामा मकैखेती गरेकाले एकैपटक जोत्ने तयारीमा उहाँ हुनुहुन्छ । विदेशबाट फर्केर स्वदेशमै तरकारी खेती शुरु गर्नुभएका कृष्ण यसैबाट छोराछोरी पढाउने, घर खर्च चलाउने गर्नुहुन्थ्यो । तरकारी खेती गर्ने किसानलाई उनीहरूले उत्पादन गरेको वस्तुको समर्थन मूल्य सरकारले तोक्नुपर्ने उहाँको भनाइ छ । उनीहरूले स्थानीय ग्रामीण ताजा तरकारी तथा फलफूल उत्पादक सहकारी संस्थामार्फत तरकारी बिक्री गर्दै आएका छन् । सहकारीका अध्यक्ष पूर्णदत्त जैसी क्षेत्रीले लकडाउनका कारण तरकारी सङ्कलनको काम बन्द भएको बताउनुभयो । यहाँ उत्पादन भएको तरकारीको मुख्य बजार नारायणगढ, काठमाण्डु र पोखरा हो । अन्य जिल्ला लैजान अहिले समस्या छ सहकारीका अध्यक्ष जैसीले भन्नुभयो, "बिचौलिया हाबी हुँदा तरकारीले उचित मूल्य पाउन नसकेको हो ।"

सो क्षेत्रमा अहिले ३०० किसानले व्यावसायिकरूपमा तरकारी खेती गर्दै आएका छन् । सहकारीका अध्यक्ष जैसीका अनुसार खैरहनी वडा नं १ बाट मात्रै वार्षिक रु नौ करोडको तरकारी उत्पादन हुँदै आएको छ । यहाँ भिन्डी, बोडी, बन्दा, काउली, गोलभँडालगायत तरकारी खेती हुँदै आएको छ । गत वर्ष पनि यस क्षेत्रका किसानले उत्पादन गरेको तराकारीले बजार नपाएपछि खेतमै जोताएका थिए ।

चैतेधानमा घाँटी मरुवा र डडुवा रोग

जिल्लाको पूर्वी क्षेत्रमा लगाइएको चैतेधानमा धानको घाँटी मरुवा र पात डडुवा रोग देखिएको छ । कृषि ज्ञान केन्द्र भरतपुरका अनुसार खैरहनी र रत्ननगर नगरपालिकामा लगाइएको चैतेधानमा यस्तो समस्या देखिएको हो । कार्यालयका बाली संरक्षण अधिकृत पूर्णिमा क्षेत्रीका अनुसार सो क्षेत्रमा लगाइएको हर्दिनाथ-१ र पिआर धानमा समस्या देखिएको हो । यस धानमा गत वर्ष पनि यो समस्या देखिएको थियो । बातावरणअनुकूल हुन नसक्दा र रोग सहन सक्ने क्षमता कम भएको धानमा यो समस्या देखिने गरेको हो ।

अहिले खैरहनी नगरपालिकामा लगाइएको ५०० हेक्टर क्षेत्रफल र रत्ननगरमा फाट्टफुट्टरूपमा समस्या देखिएको उहाँले जानकारी दिनुभयो । ढुसीका कारण धानमा यो समस्या आउने उहाँले बताउनुभयो । अहिले लगाइएको धानमा रोग सहन सक्ने क्षमता कम हुने हुँदा रोगले सहजै आक्रमण गरेको उहाँको भनाइ छ । बाला निस्कनुअघि ढुसीनाषक विषादी छर्नुपर्ने हुन्छ । किसानमा ज्ञानको कमीका कारण विषादी नराख्दा समस्या भएको उहाँले जानकारी दिनुभयो ।

धानमा देखिएको समस्या समाधानका लागि कार्यालयले आकस्मिक बाली संरक्षण सेवाबाट काम गरिरहेको छ । कार्यालयका प्रमुख राजन ढकालले स्थानीय तहहरूसँग सहकार्य गरी रोग नियन्त्रणका लागि काम भइरहेको बताउनुभयो ।

स्थानीय तहमा रहेका कृषि शाखालाई यस विषयमा पूर्वजानकारी गराइएको भए पनि रोग लागेपछि नियन्त्रणका लागि प्रयोग गर्ने विषादी, मात्रा र विधिका बारेका किसानलाई जनाकारी गराउँदै आएको उहाँले जानकारी दिनुभयो । अहिले जिल्लामा छ हजार हेक्टरभन्दा बढीमा चैतेधान लगाइएको छ ।रासस

अझै तीन दिन बदलीसँगै वर्षाको सम्भावना

काठमाण्डु । पश्चिमी वायु र स्थानीय वायुको प्रभावले अझै तीन दिन देशभर बदलीसँगै वर्षाको सम्भावना रहेको छ । हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहनुका साथै नेपालको पूर्वी भूभाग नजिक बनेको निम्न चापीय रेखा र स्थानीय वायुको प्रभावले बदलीसँगै मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । शुक्रबार काठमाण्डु उपत्यकामा बिहानै वर्षा भएको छ ।

ती मौसमी प्रणाली अझै विकसित हुने क्रममै रहेकाले आगामी तीन दिन देशभर वर्षाको सम्भावना रहेको मौसमविद् विभूति पोखरेलले बताउनुभयो । दिउँसो देशभर सामान्य बदली रही देशको धेरैजसो स्थानमा मेघगर्जन, हावाहुरी चट्याङसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । शनिबार देशको पूर्वी र पश्चिमी भूभागलगायत मध्य पहाडी भूभागमा सामान्य बदली रही देशको केही स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको बताइएको छ । आइतबार देशको पहाडी भूभागमा सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली रही पहाडी भूभागका धेरैजसो स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको औँल्याएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शुक्रबारकाठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १४ दशमलव चार डिग्री र अधिकतम तापक्रम २८ दशमलव चार डिग्री सेल्सियस रहेको छ । आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम छ दशमलव पाँच डिग्री र सबैभन्दा बढी भैरहवा अधिकतम तापक्रम ५३ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।रासस

बिक्री भएन लिची

मलगंवा । जिल्लाको लालबन्दीनगरपालिका-१नवलपुर स्थित उष्ण प्रदेशीय बागवानी केन्द्रको लिची लकडाउनका कारण हालसम्म ठेक्का लाग्न सकेको छैन । केन्द्रले प्रथमपटक रु १४ लाख १० हजार ३०२ मूल्य राखेर बढीबढाउ प्रक्रियामा गत २४ वैशाखमा १५ दिने सूचना जारी गरेको थियो । सो अवधिमा आवेदन नपरेपछि केन्द्रले फेरि दोस्रोपटक सूचना जारी गरेको छ ।

सूचनामा केन्द्रले ठेक्का मूल्य करिब आधाले घटाएको छ । यसपटक ठेक्का मूल्य रु सात लाख ९२ हजार ८१८ मात्र कायम गरेको केन्द्रका प्रमुख डा रवीन्द्रनाथ चौबेले जानकारी दिनुभयो ।

गत वर्ष करिब रु २२ लाखमा ठेक्का लागेको थियो । सवारी साधनको आवतजावतमा रोक तथा बजार बन्द रहेका कारण आवेदन पर्ने सम्भावना न्यून रहेको केन्द्रले जनाएको छ ।

बजार तथा यातायातका साधन नखुल्ने भएपछि लिची बिक्री-वितरण गर्न नसकिने भएकाले पनि ठेक्का आवेदन नपरेको हुनसक्ने केन्द्रका प्रमुख उहाँले बताउनुभयो । "ठेक्का लिएर पनि लकडाउनले गर्दा व्यापारीलाई बिक्री गर्न समस्या छ, समयमै बिक्री गर्न सकिएन भने ठेक्का डुब्ने डरले पनि कसैले ठेक्का नहालेको हुनसक्छन्", उहाँले भन्नुभयो । बगैँचामा लिची पाक्न शुरु भएको दुई हप्ताभित्रमा ठेक्का र बिक्री सम्पन्न गर्नुपर्ने बाध्यता रहेको छ ।

"पाकेको लिची बोटमा धेरै दिन राख्न सकिँदैन । समयमै टिप्न भ्याइएन भने कुहिएर झर्छ, ठेक्का आह्वान गरेको पनि दोस्रोपटक भइसक्यो, कुनै ठेकेदारले ठेक्का हालेका छैनन्", उहाँले भन्नुभयो ।रासस

स्थानीय पूर्वाधार विकास साझेदारीका लागि रु ६ अर्ब ६० करोड

काठमाण्डु । सरकारले स्थानीयपूर्वाधारविकाससाझेदारी कार्यक्रमका लागि रु छ अर्ब ६० करोड बजेट विनियोजन गरेको छ । सङ्घीय संसदमा बिहीबार अर्थमन्त्री डा युवराज खतिवडाले आर्थिक वर्ष २०७७/७८ को बजेट प्रस्तुत गर्दै सबै निर्वाचन क्षेत्रमा स्वास्थ्य तथा पूर्वाधार विकासका बाँकी काम सम्पन्न गर्न सो कार्यक्रमका लागि रु छ अर्ब ६० करोड बजेट विनियोजन गर्नुभएको छ ।

उक्त कार्यक्रममार्फत सङ्घीय संसद्ले आफ्नो निर्वाचन क्षेत्रमा भौतिक पूर्वाधारका क्षेत्रमा काम गर्नेछन् । पहिले सो कार्यक्रमलाई सांसद विकास कोष बजेट विनियोजन हुँदै आएको थियो । यस्तै सरकारले सबै स्थानीय तहका केन्द्रलाई क्रमशः कालोपत्र सडकद्वारा प्रदेश राजधानीसँग जोड्ने गरी सडक निर्माण शुरु गरिने भएको छ । उक्त सडक निर्माण गर्नका लागि रु पाँच अर्ब विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

सबै स्थानीय तह तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा साधन स्रोतको वितरण समन्यायिक तुल्याउन एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक, प्रत्येक निर्वाचन क्षेत्रमा विद्युत्, कृषि, सिँचाइ र नदी नियन्त्रणलगायत पूर्वाधार विकास कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाउने बजेटमा उहाँले उल्लेख गर्नुभएको छ ।

यस्तै सबै स्थानीय तहको प्रशासनिक भवन निर्माण गर्ने कार्यक्रमलाई निरन्तरतासमेत दिइएको छ । रासस

स्वास्थ्यकर्मीसरह सेवा सुविधा देऊ

चितवन । संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालले एम्बुलेन्स चालकलाई स्वास्थ्यकर्मीसरह सुविधा उपलब्ध गराउन माग गरेको छ । कोरोना भाइरसको जोखिममा सबैभन्दा बढी एम्बुलेन्स चालक रहेको भन्दै सङ्घले एम्बुलेन्स चालकको स्वास्थ्यकर्मीसरह स्वास्थ्य बीमा तथा अन्य सेवा सुविधा उपलब्ध गराउन र कारोना परीक्षणको माग गरेको हो ।

सङ्घका केन्द्रीय अध्यक्ष नवराज लामिछाने र महासचिव मुक्ति काफ्लेले विज्ञप्ति जारी गर्दै अधिकांश चालक कोरोना भाइरसको जोखिममा रहेको, धेरैले सामान्य सुरक्षा सामग्री पनि नपाएको, राज्यबाट पाउने भनिएका सामग्री पनि बाटैबाट हराएको, एकपटक किनेको मास्कलाई धोएर पटक पटक प्रयोग गर्न बाध्य भएको, एम्बुलेन्स चालकमाथि सामाजिक दुर्व्यवहार बढेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

विज्ञप्तिमा विदेशबाट आएका व्यक्तिलाई ओसार्ने साधनका रूपमा जबर्जस्ती प्रयोग नगराउन पनि माग गरिएको छ । सङ्घले आफ्ना माग पूरा नभए कामलाई निरन्तरता दिन नसक्ने जनाएको छ । रासस

सगरमाथ दिवस : औपचारिकतामा सीमिति

13TH INTERNATIONAL
SAGARMATHA (EVEREST) DAY
ON MAY 29TH
INFINITY

काठमाण्डु । कोरोना भाइरसको जोखिम नहुन्थ्यो त वसन्त ऋतुको यो याममा सगरमाथा आरोहणका खबरले विश्वभर नेपालको शान र पहिचानलाई पुलकित बनाइरहेको हुने थियो । शुक्रबारको दिन मात्रै यतिका सङ्ख्यामा आरोहीले सगरमाथाको सफल आरोहण गरे भन्ने समाचार देश तथा विदेशमा फैलिन्थ्यो । सो जोखिमले अर्थतन्त्रलाई असर पारेको छ ।

विशेष गरी पर्यटन क्षेत्र यसको मारमा परेको छ । अन्य क्षेत्रजस्तै सगरमाथासहितका हिमाल आरोहणलाई यो वर्ष विश्राम गराइदियो । हो, आज १३औँ अन्तर्राष्ट्रिय सगरमाथा दिवस अघिल्ला वर्षजस्तो हर्षोल्लासका साथ मनाउन सकिएन । सर्वाधिक आरोहण हुने याममा कोरोनाका कारण आरोहण नै नभएको अवस्थामा सगरमाथा दिवस मनाउन विवस पार्‍यो ।

> *विशेष गरी पर्यटन क्षेत्र यसको मारमा परेको छ । अन्य क्षेत्रजस्तै सगरमाथासहितका हिमाल आरोहणलाई यो वर्ष विश्राम गराइदियो । हो, आज १३औँ अन्तर्राष्ट्रिय सगरमाथा दिवस अघिल्ला वर्षजस्तो हर्षोल्लासका साथ मनाउन सकिएन । सर्वाधिक आरोहण हुने याममा कोरोनाका कारण आरोहण नै नभएको अवस्थामा सगरमाथा दिवस मनाउन विवस पार्‍यो । विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा मानवले पहिलोपटक पाइला टेकिएको आज ६७ वर्ष पूरा भएको छ । दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारी सन् १९५३ मे २९ तारिखका दिन आठ हजार ८४८ मिटर अग्लो सगरमाथाको शिखरमा पुगेका थिए । सगरमाथामा मानव पाइला परेको पहिलो दिन मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसका रूपमा नेपाल र विदेशमा समेत विभिन्न कार्यक्रमका साथ मनाउने गरिन्छ ।*

विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा मानवले पहिलोपटक पाइला टेकिएको आज ६७ वर्ष पूरा भएको छ । दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारी सन् १९५३ मे २९ तारिखका दिन आठ हजार ८४८ मिटर अग्लो सगरमाथाको शिखरमा पुगेका थिए । सगरमाथामा मानव पाइला परेको पहिलो दिन मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसका रूपमा नेपाल र विदेशमा समेत विभिन्न कार्यक्रमका साथ मनाउने गरिन्छ ।

तेह्रौं अन्तर्राष्ट्रिय सगरमाथा दिवस आज नेपालमा पनि औपचारिक कार्यक्रम गरी मनाइएको छ । सन् २००८ देखि सगरमाथा दिवस मनाउन शुरु गरिएको थियो । यस वर्ष कोभिड-१९ का कारण अघिल्ला वर्षहरू जस्तै भव्य समारोह भने गरिएन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आज सिंहदरबारमा एक कार्यक्रमबीच सगरमाथा आरोहीको स्मरण गर्दै उनीहरूले नेपालको पहिचानलाई विश्वसामु पुर्‍याएको योगदानको सम्मान व्यक्त गर्‍यो । नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण सङ्घलगायत ६ भन्दा बढी पर्यटन क्षेत्रका संस्थाले उक्त कार्यक्रमलाई साथ दिए । विश्वचर्चित आरोही तथा सरोकारवाला निकायका प्रतिनिधिको कार्यक्रममा सहभागिता थियो ।

पर्यटन विभागका अनुसार सन् १९५३ देखि सन् २०१९ सम्मको अवधि अर्थात् ६७ वर्षे सगरमाथा आरोहण इतिहासमा ६ हजार ५०१ स्वदेशी तथा विदेशीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । यीमध्ये तीन हजार ४७८ नेपाली आरोही छन् । सन् २०१९ मा मात्रै सगरमाथासहितका हिमालबाट रु ५६ करोड रोयल्टी उठेको छ । सगरमाथाबाट मात्रै रु ४५ करोड रोयल्टी उठेको छ । गत वर्षको वसन्त ऋतुमा ६६० जनाले सगरमाथा आरोहण गरेका थिए । सगरमाथासहितका हिमाल आरोहणले आर्थिक आम्दानीमात्र होइन नेपालको पहिचानलाई विश्वसामु परिचित गराउन महत्वपूर्ण भूमिका खेलेको छ । आरोहण क्षेत्रमा आर्थिक गतिविधि र रोजगारी सिर्जना भएका छन् । सर्वोच्च शिखर सगरमाथाप्रति जति गर्व गर्छौं त्यति नै चुनौती भपिएको पर्यटनमन्त्री योगेश भट्टराई बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सगरमाथा नेपालमा छ भन्ने कुरा जति हामीलाई गर्व छ, त्यत्तिकै हाम्रा लागि चुनौती पनि छ । सगरमाथाको स्वच्छता, सुन्दरता र सफाइलाई कायम राख्न धेरै नै चुनौतीपूर्ण छ ।"

विगतमो स्वदेशी तथा विदेशी निकायको समेत सहयोगमा अघिल्लो वर्ष सगरमाथा सफाइ अभियान चलाएर हजारौं टन फोहर काठमाडौं ल्याउन सफल भएको र यसले नेपालको छविलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सफल भएको थियो । यो वर्ष कोभिडका कारण हुन नसके पनि छिट्टै यो कामलाई निरन्तरता दिइने उहाँको भनाइ थियो ।

उहाँले विगतमा गठन आदेशका भरमा हुँदै आएको पर्वतारोहण क्षेत्रलाई व्यवस्थित गर्न कानूनीरूपमा व्यवस्थित गर्ने प्रयास भइरहेको र छिट्टैने पर्यटन एन ल्याइने बताउनुभयो ।

"हामीले पर्यटन एनसम्बन्धी मस्यौदा तयार गरी सरोकारवाला तथा अन्तरमन्त्रालय छलफल भइसकेको छ, यो छिट्टै नै सङ्घीय संसद्मा प्रस्तुत गर्दैछौं यसले आरोहणको क्षेत्रमा देखिएका समस्यालाई नियमन गर्ने, आरोहीको हितलाई सुनिश्चित गर्ने, नेपालको पर्वतारोहणको क्षेत्रबाट अर्थतन्त्रलाई अझ बलियो बनाउने र थप रोजगारी सिर्जना गर्नेलगायत काममा मद्दत पुग्नेछ", उहाँले भन्नुभयो ।

उहाँले अन्तर्राष्ट्रिय सगरमाथा दिवसका आरोहीको योगदानको कदर गर्दै विभिन्न सम्मान, पुरस्कार दिने गरिएको भए पनि यो वर्ष कोभिडका कारण हुन नसकेको भन्दै सामान्य अवस्था भएपछि थाति कार्यक्रमलाई पूर्णता दिइने उल्लेख गर्नुभयो ।

पर्वतारोहण क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरी नेपाल र विदेशमा समेत खपत गर्न सकिन्छ भन्ने उद्देश्यले सरकारले बजेटमा पर्यटन विश्वविद्यालयको अवधारणा ल्याएको छ । रासस

INVITATION FOR BIDS

Aurahi Rural Municipality

Office of the Municipal Executive

Deuri Parwaha, Dhanusha

Re - Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges

Contract Identification No: TB-02/2076/77

Second Date of Publication: 2077/02/17 (30.05.2020)

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to **Aurahi Rural Municipality** for **Trail Bridge** Program and the **Rural Municipality** intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The **Aurahi Rural Municipality invites** sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Municipal Executive, **Aurahi Rural Municipality, DeuriParwaha, Dhanusha.**
5. Bidding documents may be purchased from the office of the Municipal Executive, **Aurahi Rural Municipality**, **DeuriParwaha Dhanusha** by eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***32/02/2077 (14.06.2020)*** from the Second date of publication of this notice.
6. Bids must be submitted to the office of the Municipal Executive, **Aurahi Rural Municipality, DeuriParwaha, Dhanusha** on or before **12:00 hrs** noon on **01/03/2077 (15.06.2020).** Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Office of the Municipal Executive, **Aurahi Rural Municipality, DeuriParwaha, Dhanusha** on **01/03/2077 (15.06.2020) on 14:00 hrs.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 35000.00 of the quoted Bid amount (exclusive of VAT)**, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit For **purchase of bid document:**Account No.:Ga-4-**30800502745703003;**Account name: **Aurahi RM**
   Name Ofthe Bank: Surnrise Bank Ltd. Aurahi Branch, Dhanusha
   For cash Bid security: Account No.:Ga-**30800502745703007; Account name:Aurahi Rural Municipality**
   Name Of the Bank: Surnrise Bank Ltd. Aurahi Branch, Dhanusha
   and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of the Municipal Executive, **Aurahi Rural Municipality, DeuriParwaha, Dhanusha** on as per required.
11. The name and identification of the contract are as follows:

Description of Work (Fabrication Package)	Estimated Amount, NRs (Excluding VAT)	Bid Security Amount (Rs.)	Bid Document Fee
Fabrication of steel parts and transportation up to road heads of **Shiv Ghat Steel Truss Bridge.**	**1,348,873.52**	**35,000.00**	**3000.00**

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoev

घरमै पढ्न बालबालिकालाई पुस्तक

टुडे समाचारदाता

जनकपुरधाम । निक शिक्षा दिअ परियोजना अन्तर्गत धनुषाको चार पालिकाहरुमा पूर्व प्राथमिकदेखि कक्षा ३ सम्मको बालबालिकाको लागि पाठ्यपुस्तक वितरण गरिएको छ ।

आसमान नेपालले गणेशमान चारनाथ नपा, सबैला नपा, नगराई नपा र लक्ष्मीनियाँ गाउँपालिकामा बालबालिकाहरुको लागि गुणस्तरी शिक्षाका निम्ति पाठ्यपुस्तक वितरण गरिएको हो ।

कोभिड-१९ को संक्रमण न्युनिकरण गर्न सरकारले जारी गरेको लकडाउनका कारण विद्यालयहरु बन्द रहेको बेला निक शिक्षा दिअ परियोजनाले चारवटै पलिकासंग सहकार्य गरी घरमे स्कुलः अवभावक बनु शिक्षक अभियान अन्तर्गत आविभावकको सहयोगमा बालबालिकाहरुलाई घरमा नै सिकाई त्रिन्याकलाप गर्ने पुस्तक हस्तान्तरण गरेको छ ।

पूर्व प्राथमिकदेखि ३ कक्षासम्मका बालबालिकाहरुको पढने पुस्तक ७ हजार ९ सय जनाको लागि पुस्तक हस्तान्तरण गरिएको हो । लक्ष्मीनियाँ गाउँपालिकामा एक हजार २५, गणेशमान चारनाथ नपामा १ हजार ५ सय, सबैला नपामा ४ हजार १ सय ५० र नगराइन नपामा १ हजार २ सय २५ बालबालिकालाई पुस्तक उपलब्ध गराइएको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाका अध्यक्ष विन्देश्वर यादव, सबैला नपाका मेयर विजय शंकर साह, गणेशमान चारनाथ नपाका मेयर रामबाबु यादव र उपमेयर मिना यादव तथा नगराइन नगरपालिकाका मेयर परमेश्वर यादवलाई परियोजनाका प्रोग्राम मैनेजर दिलिप यादवले बताए ।

चारै पालिकाका १ हजार ८ सय बालबालिकाहरुलाई नेपाली, अंग्रेजी र नेपाली विषयको अभ्यास पुस्तिका समेत सहयोग गरिएको छ ।

धनुषा जिल्लामा कोभिड-१९ को जोखिम बढिरहेको बेला चार वाटै पालिकालाई पीपीइ सेट २ थान, फेस मास्क १ हजार थान, के.एन. ९५ मास्क २० थान, थरमल गन २ थान, स्यानिटाइजर ५०० एम.एल. १२ थान र सर्जिकल पंजा उपलब्ध गराएको छ ।

बिरेन्द्रलाई शहीद घोषणा गर्न माग, नगरपालिकाले १ लाख दिने

टुडे समाचारदाता

जनकपुरधाम । सरकारी लापर्वाहीके कारण धनुषाको शहीद नगरपालिका ९ का बिरेन्द्र यादवको सीमा नाकामे ज्यान गुमाउनुपरेको भन्दै उनलाई शहीद घोषणा गर्नुपर्ने माग गरिएको छ । गत बुधबार धनुषाके जटही नाकामा ३० बर्षीय यादवको मृत्यु भएको थियो ।

पूर्व सांसद शिबधारी यादव नेतृत्वको स्थानीय एवं परिवारजनले शुक्रबार धनुषाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेका हुन् ।

उनीहरुले क्षतिपूर्ती उपलब्ध गराउँदै यादवलाई शहीद घोषणा गर्न पनि उनीहरुले माग गरेका हुन् ।

भारतबाट आउने क्रममा लामो समयदेखि खाना खान नपाएका उनको बेहोस भएर मृत्यु भएको थियो । बेहोस भएपछि आफ्ना परिवारजनलाई यादवले फोन गरेर बोलाएका थिए । उनका भाई धीरेन्द्रसहितका केहि व्यक्ति उम्बुलेन्स लिएर गएपनि उनलाई समयमा ल्याउन नदिँदा मृत्यु भएको भन्दै उनीहरुले परिवारजनलाई क्षतिपूर्ती दिई शहीद घोषणा गर्न माग गरेका छन् ।

बीरेन्द्रके परिश्रमबाट परिवार चल्दै आएको र उनको मृत्युपछि परिवार समस्यामा परेकाले उनीहरुको भरणपोषणको जिम्मा लिन पनि सरकारसँग आग्रह गरिएको छ ।

प्रधानमन्त्री, मुख्यमन्त्री समेतलाई बोद्यार्थ राख्दै बुझाइएको ज्ञापनमा माग पूरा नभए आन्दोलनमा उत्रने चेतावनी दिइएको छ ।

यसैबीच शहीद नगरपालिकाले उनको परिवारजनलाई रु १ लाख सहयोग उपलब्ध गराउने घोषणा गरेको छ । नगरपालिकाका प्रमुख उदय बरबरियाले मृतक यादवको परिवारलाई रु १ लाख सहयोग उपलब्ध गराउने बताएका हुन् ।

रौतहटमा मात्रै १८१ संक्रमित

राकेश यादव

गौर । रौतहटमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमितको संख्या १८१ पुगेको छ । शुत्रबार ५६ जनामा कोरोना पोजेटिभ पुष्टि भए सँगै जिल्लामा संक्रमितको संख्या बृद्धि भएको हो ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको तथ्यांक अनुसार राजपुर नगरपालिकामा ३३, ईशनाथ नगरपालिकामा १५, मौलापुर नगरपालिकामा ६ र बौधिमाई नगरपालिकामा २ जना संक्रमित फेला परेको हो । यस अघि जिल्लामा संक्रमितको संख्या १२५ थियो । जसमा ३ जना उपचार पछि घर फर्केका छन् भने १ जना संक्रमित व्यक्ति बारा जिल्लाबाट ल्याइएको जनाएको छ ।

भारतको विभिन्न ठाउँबाट मानिसहरु आऊंन थालेपछि संक्रमणको अवस्था उच्च भएको छ । एक हजार ७ सय १८ जनाको स्वाब संकलन गरिएकोमा ८८० जनाको रिपोर्ट निगेटिभ आएको छ भने १८१ जनाको रिपोर्ट पोजेटिभ देखिएको छ ।

आरडीटी परिक्षण गरिएको ५२६ मध्ये १ जनाको पोजेटिभ देखिएको थियो । ६१३ जनाको रिपोर्ट आऊँन बाकी रहेको जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा राम नरेश साहले जानकारी दिए । उनका अनुसार १७५ बेडको आइसोलेशन वार्ड निर्माण गरिएकोमा ३ महिला र १२० पुरुष गरी १२३ जना बसेका छन् ।

क्वारेंटाइनमा बसेर ८५७ जना घर फर्की सकेका छन् । ६ हजार ५ सय ८२ बेडको क्वारेंटाइनमा हाल ६ हजार ४ सय ३९ रहेको छ भने चेक जांच गरेको संख्या ६२ हजार ४३३ रहेको जनाइएको छ ।

भारतीय नागरिक अलपत्र

टुडे समाचारदाता

वीरगञ्ज । स्वदेश फर्किन प्रकृया नमिल्दा भारतीय नागरिकहरु अलपत्र परेका छन् । वीरगन्जको अलौ स्थित आइसीपीमा १ हजार भन्दा बढि भारतीय नागरिक रोकिएर अलपत्र परेका छन् ।

नेपालका विभिन्न शहर र जिल्लाबाट वीरगन्ज आइपुगेका भारतीयलाइ पर्साको स्थानीय प्रशासनले जेठ १३ गते देखि भारतीय प्रहरी प्रशासनसंग समन्वय गरेर भारत पठाउदै आएको छ ।

डेढ हजार भन्दा भारतीय नागरिक आइसीपी नाकामा पुगेका छन् । ती मध्ये ५ सय जनालाइ मात्रै भारतीय पक्षले स्वदेश पठाएकोछ । अन्य मानिसहरुलाई भारतीय अधिकारीहरुले जिम्मा लिन नमानेकाले हजार भन्दा बढि भारतीयहरु आइसीपीको गेट बाहिर अलपत्र परेका हुन् ।

आइसीपीमा रोकिएका भारतीयहरुको संख्या अत्यधीक रहेको कारण कोरोना भाईरस फैलिने त्रास बढेकोछ ।संत्रमण फैलिन सक्ने आशंकामा आईसिपी वरिपरिका स्थानीयवासीमा देखीएको छ ।

यस्ता छन् राजपाको संविधान संशोधनका मुद्दाहरु

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले संविधान संशोधन गर्नका निम्ति सूची बनाएको छ । संविधान संशोधनको प्रस्ताव तयार गरेर संघीय संसदको सचिवालय पुगेपनि शुक्रबार दर्ता भएन् ।

राजपाले संविधानको ८ वटा धारालाई संशोधन गर्नुपर्ने विधेयक तयार पारेको छ । विधेयकमा संविधानको धारा ६, ७, ११, ८६, २१५, २७४, २८७ र २८७ के बिभिन्न उपधाराहरु संशोधन गर्नुपर्नेमा जोड् दिएको छ ।

संविधानको धारा ६ मा नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा ६ को अन्त्यमा 'नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृ भाषाहरुलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ' भन्दै संशोधन गर्नुपर्ने भनिएको छ ।

संविधानको धारा ७ को उपधारा (२) पछि ' भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरिएका भाषाहरुलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ' भनी उल्लेख गर्नुपर्ने भनिएको छ ।

संविधानको धारा ११ को उप धारा (६) को सट्टा देहायको उपधारा (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा आफ्नो देशको नागरिकता त्यागने कार्वाही चलाएपछि संघीय कानून बमोजिम नेपालको वैवाहिक अंगीकृत लिन सक्ने उल्लेख गर्न भनिएको छ ।

संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) मा 'प्रदेश सभाका सदस्य रहेको निर्वाचन मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित तीन जनाका दरले २१ जहाँ प्रत्येक प्रदेशको जनसंख्याको अनुपातमा संघीय कानून बमोजिम निर्वाचन हुने ३५ जना गरी ५६ जना तर प्रदेशबाट ३५ जना सदस्य निर्वाचन गर्दा सम्बन्धित प्रदेशको जनसंख्याको अनुपातमा कम्तीमा १४ जना महिला समेतको प्रतिनिधित्व हुने गरी निर्वाचित गरिनेछ' भनी उल्लेख गर्न भनिएको छ ।

संविधानको धारा २१५ को उपधारा (९) मा रहेका उपधारा ७ भन्ने शब्दहरुको सट्टा उपधारा ८ भन्ने शब्दहरु राख्नुपर्ने राजपाको माग छ ।

संविधानको धारा २७४ को (१) उपधारा (४) 'पेश भएको विधेयक देहायको बिषयसँग सम्बन्धित भएमा सम्बन्धित सदनको सभामुख वा अध्यक्षले त्यस्तो विधेयक सदनमा पेश भएको ३० दिनभित्र सहमतिका लागि प्रदेशको सिमाना परिवर्तनको बिषय भए त्यसरी सिमाना परिवर्तन हुने सम्बन्धित सबै प्रदेशको प्रदेशसभामा पठाउनुपर्नेछ' उनी उल्लेख गरिदिन राजपाले माग गरेको छ ।

धारा २७४ कै उपधारा ५ मा रहेका संघीय संसदमा भन्ने शब्दको सट्टा संघीय संसदमा सम्बन्धित सदनमा भन्ने शब्दहरु राखिनुपर्ने, उपधारा (७) मा रहेको अवधीभित्र भन्ने शब्दपछि उपधारा (४) को खण्ड (क) बमोजिमको बिषयमा सम्बन्धित कुनै एक प्रदेश सभा र खण्ड (ख) बमोजिमको बिषयमा भन्ने शब्दहरु संशोधन विधेयकमा थपिएको छ ।

उपधारा (८) मा रहेका उपधारा (५) बमोजिम भन्ने शब्दहरुको सट्टा उपधारा (४) का खण्ड (क) बमोजिमको बिषयमा सम्बन्धित सबै प्रदेश सभा र खण्ड (ख) बमोजिमको बिषयमा भन्ने शब्दहरु राखिएका छन् ।

संविधानको धारा २ सय ८७ को उपधारा (६) को खण्ड (क) पछि 'धारा ६ बमोजिमको नेपालमा बोलिने सबै मातृभाषाहरुको सूची तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने' थप्न भनिएको छ ।

संविधानको धारा २७८ क थप संविधानको धारा २८७ पछि संघीय आयोगको गठन, प्रदेशको संख्या तथा सिमांकन हेरफेर सम्बन्धी बिषयमा सिफारिस गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ भनी थप्न भनिएको छ ।

उपधारा (१) बमोजिमको आयोगको कार्यदेश तथा कार्यविधी त्यस्तो आयोग गठन गर्दा नेपाल सरकारले निर्धारिण गरे बमोजिम हुने भनी उल्लेख गर्न राजपाले संविधान संशोधन गर्न भनेको छ ।

संक्रमितलाई आईसोलेसनमा लैजान खोज्दा झडप

एम.के.चौधरी

गरुडा । रौतहटको ईशनाथ नगरपालिका ७ जोकाहा क्वारेन्टाइन दुई जना कोरोना संक्रमितलाई आईसोलेसनमा लेजान खोज्दा स्थानीय र प्रहरी बिच झडप भएको छ । जोकाहामा रहेको अनावारुल ईस्लामिक मदर्सामा खडा गरिएको क्वारेन्टाइनमा बसेका दुवै जनालाई कोरोना संक्रमण पुष्टि भएपछि उनीहरुलाई आइसोलेसनमा लैजान लागेको क्रममा झडप भएको हो ।

दुवै संक्रमितलाई आईसोलेसनमा लैजानका लागि क्वारेन्टाइनमा पुगेका प्रहरी र चिकित्सक टोलीलाई स्थानियले अवरोध गरेपछि झडप भएको छ ।

मदर्साको क्वारेन्टाइनमा रहेका संक्रमित दुवै जनालाई आईसोलेसनमा पुर्‍याउनको लागि पुगेका प्रहरी र चिकित्सक टोलीलाई स्थानियले अवरोध गरेपछि झडप भएको छ ।

स्थानीयले जोकाहामै रहेको क्वारेन्टाइनमा राखेर उपचार गर्न माग गर्दै बिरोध गरेपछि प्रहरीले १२ राउण्ड हवाई फायर गरेको छ । स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गरेको र अहिले स्थिति समान्य रहेको प्रहरी उपरीक्षक रविराज खड्काले बताए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार स्थानीयले ढुङ्गा हान्न थालेपछि स्थिति नियन्त्रणमा लिन हवाई फायर गरिएको हो । आत्रोसित स्थानीयले प्रहरीको गाडीमा तोडफोड समेत गरेका छन् । कोरोना संक्रमितलाई मध्य क्षेत्रिय प्रहरी आवसिय विद्यालय गरुडामा स्थापना गरिएको आइसोलेसनमा ल्याउन लाग्दा स्थानीयले अवरोध गरेपछि झडप भएको ईशनाथ नगरपालिका नगर प्रमुख सन्तोष मेहताले बताए ।

जनकपुरधामबाटै १ ट्रक मदिरा बरामद, एक पक्राउ

मनोज कुमार मोरबैता

जनकपुरधाम । कोरोना संक्रमण बढिरहँदा धनुषामा लुकाएर मदिरा बेच्ने काम जारी छ । पछिल्लो पटक धनुषा प्रहरीले एक ट्रक मदिरा नियन्त्रणमा लिएको छ ।

लक डाउनको उल्घन गरी ना. २ ख. ८२७९ नम्बरको ट्रकमा अबैध रुपमा मदिरा लोड गरी जनकपुरधाम उप-महानगरपालका ७ माछा बजार नजिकै रोकिएको पाइएको प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले जनाएको छ ।

ट्रकमा लोड गरिएको बिभिन्न ब्राण्डको मदिरा लुकाएर गोदाममा राख्ने तयारी भइरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो ।

ट्रकमा अन्दाजी रु १३ लाख २० हजार बराबरको मदिरा रहेको धनुषा प्रहरीले जनाएको छ ।

उक्त ट्रकसहित मदिरा मगाउने जनकपुरधाम ४ का ३६ बर्षीय उमेश मण्डललाई समेत नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि जिल्ला प्रशासन कार्यालय धनुषामा पठाईएको धनुषा प्रहरीका प्रबक्ता एवं डिएसपी रामेश्वर कार्कीले जानकारी दिए ।

बंडी खाने क्रममा जलेर मृत्यु

टुडे समाचारदाता

सर्लाही । सर्लाहीमा बिंडी खाने क्रममा एक व्यक्तिलाई ज्यान गुमाउनुपरेको छ । हरिपूर्वा नगरपालिका ५ बस्ने रामसुकुल साहलाई यसरी ज्यान गुमाउनुपरेको हो ।

गत जेठ ११ गते बिंडी खाने क्रममा अचानक उनले लगाएको कपडामा आगो सल्केको थियो । शरीरमै आगो सल्केर सिकिस्त भएका ७० बर्षीय साहलाई उपचारका लागि प्रादेशिक अस्पताल ल्याइएको थियो । उनको उपचारका क्रममा बिहीबार राति अस्पतालमै मृत्यु भएको सर्लाहीका प्रहरी प्रबक्ता एवं डिएसपी मदन कुँवरले जानकारी दिए ।

नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संत्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायात धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com